# क्रुसलाई भेट्टाउनु र क्रुसलाई जाँचेर हेर्नु

## ख्रीष्टको क्रुसको वास्तविक अर्थ र प्रभाव



Adrian Ebens

# क्रुसलाई भेट्टाउनु र क्रुसलाई जाँचेर हेर्नु

## ख्रीष्टको क्रुसको वास्तविक अर्थ र प्रभाव

मेरा प्यारा मित्रहरुमा समर्पित
टोर र अजादेह

प्रकाशक

fatheroflove.info

अगस्ट २०१९

**© Adrian Ebens, 2019**

**https://loveofgod-nepal.com/**

# विषयसुची

१. पिता यिनीहरुलाई माफ गर्नुहोस् ........ 1
२. उहाँलाई क्रुसमा टाँग ! ........ 8
३. तिनीहरुको कष्टमा उहाँले कष्ट भोग्नुभयो ........ 13
४. के तिमीहरु मसंग एक घन्टा पनि जागा रहन सकेनौ ? ........ 22
५. वलिदान र भेटिहरु तपाईले चाहनुभएन ........ 27
६. हामीसंग एउटा व्यवस्था छ ........ 43
७. जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले ........ 61
८. हे परमेश्वर तपाईले आफ्नो मार्ग पवित्रस्थानबाट प्रकट गर्नुभएको छ ........ 69
९. सेलाह ........ 79

## १. पिता यिनीहरुलाई माफ गर्नुहोस्

मेरो मनमा ति तस्विरहरु झल्किए जसको कारण ममा आत्मग्लानिको बोध भयो। मेरो नजिक भएका व्यक्तिहरुसंग बिताएका ति दु:खलाग्दा अन्तरक्रियाहरुको सुचीको सम्झना गर्दा मेरो आत्मा भारी भएर आयो। तब मैले शान्तिको लागि खोज व्यग्र गरे। जब मैले हालको आफ्नो व्यवहारहरु सम्झे तब मेरो मन आत्मग्लानि र घृणाले भरिएर आयो र त्यस परिस्थितिमा आफुलाई परिवर्तन गर्ने ईच्छा जागेर आयो। तब मेरो मनमा एउटा शब्द स्पष्ट रुपमा देखा पर्यो "माफी" र मलाई त्यसको खाँचो थियो।

के तपाईं आफ्नो जीवनको यस्तो बिन्दुमा आउनुभएको छ जहाँ तपाईलाई यो आभास हुन्छ कि तपाईले सोचेको जस्तो व्यक्ति तपाई हुनुहुन्न। आफुले सोचेको जस्तो व्यक्ति बन्न तपाईले धेरै मेहनत गर्नुभयो तर घुमीफिरी तपाई फेरी त्यही बिन्दुमा आउनुभयो र तपाईको हृदयमा भएको बोझ अझै हटेको छैन। कसरी तपाईले आफैलाई त्यो बिन्दुबाट अगाडी बढाउनु हुन्छ र आफ्नो दु:खलाग्दो तस्बिरलाई आफुबाट हटाउनु हुन्छ ?

पवित्र धर्मशास्त्र बाइबलले मेरो अनुभव यसरी वाख्या गरेको छ।

> ***"धर्मी कोहि छैन, एक जना पनि छैन,***
> ***बुझ्ने कोहि छैन, परमेश्वरलाई खोज्ने कोहि छैन।***
> ***ति सब बरालिएका छन्,***
> ***तिनीहरु एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन।"***
> ***- रोमी ३:१०-१२***

धेरै व्यक्तिहरु यस्ता छन् जो यस परिस्थितिबाट भाग्न आफ्नो व्यवहारिक घटिकमीप्रति आँखा बन्द गर्छन र अरुको गल्ति खोज्न लागी पर्छन। हामी सबैमा भएको घटिकमीको कारण जब हामी आफैलाई मुस्किल परिस्थितिमा

पाउछौं तब हामी अरुमाथि दोष थप्छौं । हाम्रो यस्तो व्यवहारद्वारा शान्ति खोज्ने प्रयास गर्छौं तब हाम्रो वरिपरी भएका व्यक्तिहरुसंग हाम्रो सम्बन्ध बिग्रिन थाल्छ र हामी आफैलाई एकदम एक्लोपनमा र गहिरो पिडामा पाउछौं ।

आफ्नो घटिकमीहरुको जिम्मेवारी लिनु हो र आफ्नो सृष्टिकर्ताबाट माफी माग्नु नै शान्ति र स्वतन्त्रताको लागि एक मात्र बाटो हो ।

> ***उहाँले मुख खोल्नुभयो र तिनीहरुलाई शिक्षा दिन लाग्नुभयो:***
> ***"धन्य आत्मामा दीन हुनेहरु, किनभने स्वर्गको राज्य तिनीहरुको हो । धन्य शोक गर्नेहरु, किनभने तिनीहरुले सान्त्वना पाउनेछन् ।***
> ***- मत्ती ५:२-४***

यो त्यही परिस्थिति हो जहाँ मैले आफैलाई पाएँ । आफ्नो गल्ति र स्वार्थपनले गर्दा अरुले पाएको दु:ख र पिडाको कारण म शोकमा परें ।

म एक इशाई परिवारमा हुर्केको हुँ र कसरी येशु ख्रीष्टमा परमेश्वरको प्रेम प्रकट भएको छ भनेर सिकाईएको थियो । म जब बालक थिएँ तब मैले यो शब्दहरु धेरै पटक सुनेको छु:

> ***"हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमिहरुलाई विश्राम दिनेछु ।"***
> ***- मत्ती ११:२८***

जब मेरो मनमा यो सोच आयो कि म येशुमा विश्राम र आफ्नो बोझबाट छुटकारा पाउन सक्छु तब म प्रोत्साहित भए । म येशुको जीवनलाई गहिरिएर पढ्न थालें र विशेष गरी उहाँको मृत्युभन्दा अगाडी अन्तिम क्षणहरुमा ध्यान दिन थालें । क्रुसको कथामा टुटेको हृदय जो आफ्नो अन्तिम क्षणमा आईपुगेको छ उसलाई बचाउन सक्ने अथाह शक्ति छ । क्रुसले शान्ति र

आशा दिएर लाखौँको हृदयलाई परिवर्तित गरेको छ । यो कुरामा एउटा पहेली छ । कसरी २००० वर्ष अगाडी एक जना निर्दोष व्यक्तिले पाएको विश्वासघात, यातना र मृत्युले मेरो आत्मामा शान्ति ल्याउछ ? कसरी आजको दिनमा पनि यो कुरा सान्दर्भिक छ ?

सुरुवातमा यो कथा बुझ्न अलि कठिन छ । यदी कुनै स्थानमा शान्ति र मिठासले भरिएको वासनादार खुस्बु र शान्तिपूर्ण संगीत सुन्दै प्राकितिक सुन्दरताको मनोरम दृश्यले मनमा शान्ति भर्छ भन्ने कुरा बुझ्न सजिलो छ । जब हामी क्रुसको कथालाई बुझ्न प्रयास गर्छौं तब हामी सिपाहीको स्वर सुन्छौं, ख्रीष्टको पिठमा कोर्राको आवाज सुन्छौं, क्रुस काठीको बोझ तल मुक्तिदाता बेहोस हुनु भएको दृश्य देख्दछौं । हामी त्यस क्रुरताको दृश्यमा भिडको आवाज र खुसीले भरेको अनुहार देख्दछौं ।

यस पहेलीको रहस्य के हो त ? कसरी यो कथाले मलाई शान्ति दिन्छ ? कसरी यो कथाले हामीलाई स्थिर बनाउछ र मनमा शान्ति दिन्छ ?

गोलगथा, जसको दृश्यबाट मानिसहरुले आफ्नो नजर हटाउने कोशिस गर्छन् तर त्यहाँ भएको शक्तिले मानिसहरुमा यस नाटकलाई रुपान्तरण भएको हेर्ने चाहना जगाउँछ । त्यस ठाउँको क्रूरता मानिसहरुमा परिचित भए पनि डरलाग्दा छन् । हामी खप्परे पहाडमा आईपुग्यौ जसको अर्को नाम गोलगथा हो । ख्रीष्टले विनम्रताका साथ् यातनाहरु सहनु भयो, चोटले भरिएको शिरमा उहाँले काँडाको मुकुट लगाउनु भयो र त्यहाँबाट रगतको धारा बगिरहेको थियो । उहाँसंग यो पिडा सहनेहरुले यो यातनालाई आफुबाट हटाउन कोशिस गर्थे । कोर्राको चोटबाट मुक्तिदाताको पिठ चिन्न नमिल्ने भएको थियो तर उहाँले के चाहिं त्यस्तो काम गर्नुभयो जसको कारण उहाँसंग निर्ममतापूर्वक व्यवहार गरियो ।

फलाममाथि फलाम हान्दा आएको आवाजले हाम्रो ध्यान आफुतर्फ खिच्यो र काँटी ठोकिएका ति कोमल हातहरुद्वारा धेरैले आशिष पाएका छन् । ति बहुमुल्य पाँवहरु जो इस्राएलको धुलाम्मे बाटोमा हिंडेका थिए, ति पाँवहरु काठको क्रुसमा बाँधिएको थिए र ति पाँवहरुमा काँटी ठोकिएको थियो । तब त्यो क्रुसलाई सारा संसारले थाहा पाउने गरी खडा गरियो । धर्मशास्त्रमा यो घटनाको टिपोट गरियो र त्यहाँबाट लाखौँ-हजारौंले पढे र यो कुरालाई बाँडे ।

जब म मेरो दोषहरुबाट छुटकारा पाउन क्रुसको घटनालाई ध्यान लगाएर पढ्छु तब त्यस निर्दोष व्यक्ति जो परमेश्वरको पुत्र हुनुहुन्थ्यो, उहाँप्रति मेरो हृदयबाट सहानुभूतिको भावना निस्केर आउँछ । मैले मेरो ध्यान गेतसमनीदेखि कलवरीसम्म उहाँको पाइलालाई पछ्याए । तब मैले मेरो ध्यान रोमी राज्यपाल पिलातसले बोलेको शब्दहरुमा गयो ।

> ***"हेर, यो मानिस !"***
> ***- यूहन्ना १९:५***

मैले उहाँको पाँवहरु लडखदाएको र बगैंचामा तीव्र पिडाको कारण उहाँको रगत पसिनाको रुपमा निस्केको देखेको छु । मैले उहाँको चेलाहरु उहाँलाई भिडको दयामा छाडेर भागेका देखेको छु । जब भिडले बरब्बालाई रोजे र परमेश्वरको पुत्रलाई क्रुसमा चढाउँन खोजेको देखें तब म छक्क परें । किन यिनीहरुले यसो गरीरहेका छन् ? उहाँले के चाहिँ त्यस्तो घोर पाप गर्नुभयो र यस्तो दुख पाउनु भयो । मैले उहाँलाई खिसी गरिएको, पिटिएको र यातना गरिएको देखें:

> ***तिनीहरुले उहाँको वस्त्र फुकालेर उहाँलाई लाल वस्त्र लगाइदिए । तिनीहरुले काँढाको मुकुट गांथेर उहाँको शिरमा लगाइदिए, र उहाँको दाहिने हातमा निगालो दिए, र उहाँको सामु घुँडा टेकेर***

*उहाँलाई यसो भन्दै उहाँको गिल्ला गरे, "हे यहुदीहरूका राजा, प्रणाम ।" तब तिनीहरुले उहाँलाई थुके, र त्यो निगालो लिएर उहाँको शिरमा हिर्काए । उहाँको गिल्ला गरिसकेपछि तिनीहरुले त्यो वस्त्र फुकालिदिए, र उहाँको आफ्नै वस्त्र पहिराएर उहाँलाई क्रुसमा झुण्ड्याउन लगे ।*
*- मत्ती २७:२८-३१*

यस नाटकको खलनायकहरुलाई दोष दिन एकदम मन लाग्छ तर जब म अरुप्रति आफ्नो व्यवहार सम्झन्छु तब म आफूलाई ति खलनायकहरु जस्तो दोषी ठान्छु । तब ख्रीष्टको ति शब्दहरु मेरो मनमा आउँछ:

*"साँच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरुले यी मेरा भाइहरुमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्यौं, त्यो तिमीहरुले मलाई नै गर्यौं ।"*
*- मत्ती २५:४०*

के मैले अरुमाथि हासेंको छैन र अरुको खिसी गरेको छैन ? के मैले यस्तो सिनेमाहरु हेरेको छैन र जसमा क्रुरता र निर्ममता दर्शाइएको छ र जब त्यस सिनेमाको खलनाएकहरुले आफ्नो अन्त पाए तब म खुसी हुन्थें । जब अरुले म प्रति गलत व्यवहार गर्थे तब मेरो मुखबाट अपशब्दहरु निस्कन्थे । जब म पढ्दै गएँ तब मेरो हृदय ग्लानिले भरियो । जब मैले क्रुसमा येशुसंग टांगिएको दुई चोरहरुको वार्तालाप सुने तब तिनिहरुले बोलेको शब्दहरुमा मेरो ध्यान गयो ।

*हाम्रो दण्ड त न्यायोचित छ, किनकी हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौं, तर यी मानिसले त केहि अनुचित काम गरेका छैनन् ।*
*- लूका २३:४१*

जब मैले क्रुसमाथि ख्रीष्टलाई झुण्डाएको देखें तब ति निन्दाहरु जो मैले अरुमाथि थोपेको थिएँ जसले मलाई बाधा र असुविधा दिएका थिए, ति शब्दहरुले मेरो मनमा नराम्रो असर पार्यो । तब मैले यी शब्दहरुको महत्व बुझें:

> ***"किनभने जसरी तिमीहरु अरुलाई दोषी ठहराउँछौ, त्यसरी तिमीहरु पनि दोषी ठहराइनेछौ । जुन नापले तिमीहरु नाप्तछौ, त्यसै गरी तिमीहरुका निम्ति पनि नापिनेछ ।"***
> ***- मत्ती ७:२***

यस क्षणमा मैले मेरो नजर क्रुसमा एकटकसंग लगाएँ । यद्धपि यो घटना घटेको २००० वर्ष भइसकेको छ तर पनि यो घटना घट्दा म आफैलाई त्यहाँ उपस्थित भएको महसुस गर्छु । जब मैले परमेश्वरको एक मात्र पुत्र ख्रीष्टलाई क्रुसमाथि झुण्डाइएको देखें र उहाँको सुन्दर मुहारमा मेरो ध्यान गयो तब मेरो सारा संसार धिमि गतिमा घुम्न थाल्यो र क्रुसको वरिपरी भएको आवाज हराउदै गयो र उहाँको मुखबाट उच्चारण भएको ति शब्दहरु मेरो ध्यान गयो:

> ***"हे पिता, यिनीहरुलाई क्षमा गर्नुहोस्, किनकी यिनीहरुले के गर्दैछन् सो जान्दैनन् ।"***
> ***- लुका २३:३४***

जब ति शब्दहरुको महत्वले मेरो अन्तस्करण छेड्यो तब म भित्र आशाको झिल्को बल्यो । म भित्र क्षमा जसको लागि मैले लामो समयदेखि पर्खेको थिएँ त्यो मेरो सामु देखा पर्यो । जब म मेरो सृष्टिकर्ताको सामु घुँडा टेंके तब मेरो गहभरि आसुँ भरिएर आयो र झर्न थाल्यो । जब मैले प्रेमले भरिएको त्यो मुहार हेँरे तब मेरो हृदय पग्लिएर आयो । त्यो प्रेमिलो मुहारमा कुनै पनि दोष थिएन । तब मेरो मनमा वास्तविकताले प्रवेश गर्यो र यो कुरा बुझें

कि क्रुसमा उहाँले पाउनुभएको दुखको कारण मेरो पापमय जीवन पनि हो तर पनि मैले उहाँको मुहारमा मप्रति कुनै पनि दोष देखिँन र केवल प्रेम र क्षमाको भावना देखें ।

मेरो कारणले गर्दा उहाँले पाउनुभएको दुखको दोष मलाई दिनु भएन । उहाँले सित्तैमा मलाई क्षमा दिनुभयो । तर यी प्रश्नहरुले मलाई घेर्छ - के म यसलाई स्वीकार गर्छु ? मैले क्षमा पाएको छु भन्ने कुरामा के म विश्वास गर्दछु ? यी दुवै प्रश्नहरुको उत्तरमा मैले मेरो दुवै हातहरु उठाएँ र अनन्त जीवनको उत्तराधिकारको दावी गरें । जब मैले येशुसंग मेरा पाप र अधर्मकोलागि क्षमा मागें र मेरो जीवनको परमेश्वर हुनको लागी उहाँसंग अनुरोध गरे तब मेरो हृदय शान्तिले भरियो र यो शान्ति चंगाई र स्वतन्त्रताले भरिएको थियो । दोषको भावनाले भरिएको मेरो हृदय उहाँको प्रेमले हलुको भयो र मैले आत्मामा अनुभव गरेको खुसि शब्दले बयान गर्न सक्दिन तर जसले यो शान्तिलाई अंगालेका छन् तिनीहरुले अनुभव गर्न सक्छन ।

जीवनको पानीको मुहानबाट पानी बगेझैं कृतज्ञताको कारण मेरो आँखाबाट आँसु बग्न थाले । जुन कुरा मैले खोजिरहेको थिए त्यो मैले पाएँ । मेरो हृदय कृतज्ञताले भरियो र खुसिसाथ मैले आफैलाई मेरो मुक्तिदाताको प्रभुत्वमा सुम्पिए ।

क्रुससंग मेरो भेट एकदम आशिषित र सुन्दर थियो तर धेरै प्रश्नहरु पनि मनमा उठ्दछन । कसरी त्यो भयानक दृश्यबाट यति सुन्दर कुरा निस्कन सक्छ ? कसरी २००० वर्ष अगाडी घटेको घटना आजको दिनमा घटेको जस्तो लाग्न सक्छ ? क्रुस र तपाईको व्यक्तिगत अनुभवमा मुख्य कुराहरु के हुन् र ति कुराहरुको के महत्व छ ? आउनुहोस् हामी मिलेर क्रुसलाई जाँच गरौँ र हेरौं -

## २. उहाँलाई क्रुसमा टाँग !

*"...अब मानिसको पुत्र मुख्य पूजाहारी र शास्त्रीहरुको हातमा सुम्पीइनेछ, र तिनीहरुले उसलाई मृत्युदण्डको दोषी ठहराउनेछन् । उसलाई गिल्ला गर्न, कोर्रा लाउन, र क्रुसमा टाँग्न भनी तिनीहरुले उसलाई अन्यजातिहरुका हातमा सुम्पिनेछन्,..."*
*- मत्ती २०:१८-१९*

किन इस्राएलको अगुवाहरुले येशुलाई यस्तो घृणा गरे ? किन उहाँलाई नाश गर्न तिनीहरु लागि परे ? कसरी त्यो मानिस अरुको लागि खतरा बन्न पुग्यो जसले यस संसारमा यति धेरै खुशी र आनन्द लिएर आउनुभयो ?

> *"हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो । उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन । उहाँ आफ्नै मानिसहरुकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरुले उहाँलाई ग्रहण गरेनन् ।"*
> *- यूहन्ना १:९-११*

ति अगुवाहरुले आफ्नो चरित्र र परमेश्वरको पुत्र जो पिताद्वारा अभिषित हुनुहुन्थ्यो उहाँप्रति तिनीहरुको व्यवहारमा मानिस जातिको प्रतिनिधित्व गरीरहेका थिए ।

> *"ऊ उहाँको सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्यो । ऊसित हामीलाई आकर्षण गर्ने न केहि सुन्दरता न त महत्व नै थियो । उसको अनुहारमा हामीलाई मन पर्ने केहि थिएन । ऊ मानिसहरुबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित । ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरु आफ्ना मुख फर्काउँछन् । ऊ घृणित थियो, र हामीले*

*उसलाई केहि मोलको गनेनौं ।"*
*- यशैया ५३:२-३*

*"परमप्रभु र उहाँका अभिषिक्त जनको विरुद्धमा पृथ्वीका राजाहरु खड़ा हुन्छन्, शासकहरु आपसमा सल्लाह गर्छन । तिनीहरु भन्छन्, "हामी उनीहरुका साङ्लाहरु छिनालौं," "र उनीहरुका बन्धनहरु फुकाऔं ।"*
*- भजनसंग्रह २:२-३*

मानव जातिको इतिहासभरि परमेश्वरको पुत्रप्रति आदमबाट सुरु भएको मानव जातिको एकमुष्ट व्यवहारको संगालो क्रुसको कथा हो । पावलको वचनलाई यो कथाले सत्य पुष्टि गर्दछ:

*"किनभने पापमय शरीरतिर लागेको मनचाहीं परमेश्वरप्रति शत्रुता हो । परमेश्वरको व्यवस्थाको अधिनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन् सक्छ ।"*
*- रोमी ८:७*

यो शत्रुता कहाँबाट आयो ? आदिमा, परमेश्वरले आदम र हव्वालाई बगैचाको बिचमा रहेको रुखको फल नखान भनि प्रेमपुर्वक आदेश दिनुभयो । त्यो फल खाँदा तिनीहरुको मृत्यु हुनेछ र तिनीहरु नाश हुनेछन् । बगैचाको बिचमा राखिएको रुखले आदम र हव्वालाई तिनीहरुको सृष्टिकर्ताको सेवा गर्ने रोजाईको अवसर प्रदान गरेको थियो । यो अवसरबिना तिनीहरुसंग आफ्नो रोजाईको शक्ति प्रयोग गर्ने क्षमता तिनीहरुमा थिएन ।

परमेश्वरको वचनलाई कसरी बुझ्ने ? के ति वचनहरु आदम र हव्वाप्रति असिमित प्रेम र अनुग्रहको कारण दिइएको थियो ? शैतानले सर्पको माध्यमबाट परमेश्वरको वचनलाई मोडेर हव्वाको सामु प्रस्तुत गर्यो:

***“सर्पले स्त्रीलाई भन्यो, “तिमीहरु मर्दैनौ । किनकी परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरु त्यो खान्छौ त्यही दिन तिमीहरुका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरु परमेश्वरजस्तै हुनेछौ ।”***
***- उत्पति ३:४-५***

सैतानले परमेश्वरलाई स्वार्थी र हठीको रुपमा प्रस्तुत गर्यो । आदम र हव्वालाई यो कुराको भान गरायो कि परमेश्वरले उनीहरुलाई उनिहरुको पूर्ण सामर्थमा पुग्न दिनुहुन्न । परमेश्वरको वचनमाथि यो कुरा थपेर परमेश्वरको वचनको वास्तविक अर्थलाई मोडेर परमेश्वरको आदेशमाथि प्रश्न चिन्ह उठाए । सैतानले परमेश्वरको वचनमा आफ्नो धारणा हालेर प्रस्तुत गर्यो, ***“तिमीहरु मर्दैनौ”*** । यो धारणाले यो कुराको भान गरायो कि तिनीहरुलाई उनिहरुको पूर्ण सामर्थमा पुग्न नदिन यसमा परमेश्वरको आफ्नो स्वार्थ छ । आदम र हव्वाले यो गलत कुरा बुझे कि तिनीहरु अवश्य मर्नेछन र तिनीहरुको ध्यान परमेश्वरको वचनबाट हट्यो । तिनीहरुले यो कुरा बुझे कि उहाँको आदेश नमानेको कारण परमेश्वरले उनिहरुलाई उनीहरुको पापी चरित्रमा नाश गर्नुहुनेछ । यो भिन्नता एकदम महत्वपूर्ण छ ।

परमेश्वरले हव्वालाई उसको पापको कारण नाश गर्नुहुन्छ भन्ने सोचको कारण आदमले त्यो फल खाएका थिए । परमेश्वर क्रुर हुनुहुन्छ भन्ने गलत धारणाको कारण आदमले परमेश्वरको आज्ञा उलंघन गरे र चाहे जे पनि होस् हव्वाको साथमा उभिन तयार भए । त्यही समयमा आदमले यो कुरामा सर्पको कुरामा विश्वास लाग्न थाल्यो र त्यसले उसलाई फल खान र परमेश्वरको विरुद्धमा सर्पसंग उभिन हौसला पाए ।

हामीले यहाँ परमेश्वरप्रति मानिसको घृणाको स्रोत पाउछौं । यहाँ हामी आदमले परमेश्वरको चरित्रको गलत धारणा राखेको थाहा पाउछौं र त्यो गलत धारणाको कारण उसले गलत कदम उठाएका थिए । परमेश्वरले

अरुलाई नाश गरेर आफ्नो स्वार्थ पुरा गर्नुहुन्छ भन्ने गलत धारणाको कारण आदम आफ्नो ज्यानको लागि डराएका थिए र यो प्रश्न गरे:

> ***"उनले भने, "मैले तपाईको स्वर बगैंचामा सुने र म डराएँ, किनभने म नांगै थिएँ, र म लुकें।" उहाँले सोध्नुभयो, "तँ नांगै छस् भनेर कसले भन्यो ? जुन रुखको फल नखानु भनी मैले तँलाई आज्ञा दिएको थिएँ के तैंले त्यो खाइस् ?" मानिसले भने, "जुन स्त्री तपाईले मलाई मसंगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रुखको फल दिई र मैले खाएँ।"***
>
> ***- उत्पति ३:१०-१२***

आदम यो गलत धारणामा थिए कि परमेश्वर उसलाई नाश गर्न आउनुभएको छ। जब परमेश्वरले आदमलाई सोध्नुभयो कि यदी उसले नखानु भएको फल उसले खायो कि खाएन तब उसले सारा दोष आफ्नो श्रीमती र परमेश्वरमाथि थपीदियो। उसले यो सोच्यो कि **"यदी कसैलाई मर्नु नै छ भने मेरो श्रीमतीलाई मार्नुहोस् र तपाईलाई पनि मर्नुपर्छ किनभने तपाईले त्यसलाई सृष्टि गर्नुभयो !"**

यो सबै कुराको सुरुवात परमेश्वरले आफ्नो स्वार्थ पुरा गर्न अरुलाई नाश गर्नुहुन्छ भन्ने गलत धारणाबाट सुरु भयो। आदमले यो सोच्यो कि अरुको मृत्युबिना आफु उम्किन सकिदैन त्यही भएर उसले सारा दोष आफ्नो श्रीमती र परमेश्वरमाथि थपीदियो ताकी उ बाच्न सकोस्। हामीले यो कुरा जान्न सक्छौं कि जब मानिसको पतन भयो तब परमेश्वरको पुत्रले मानव जाति र परमेश्वरको बीचमा मध्यस्थकर्ताको भूमिका निभाउनु भयो **(१ तिमोथी २:५)**। यसरी आदमले परमेश्वरको पुत्रलाई मृत्युदण्डको सन्देश सुनायो किनभने उहाँले स्त्रीलाई बनाउनु भयो जसले आदमलाई परमेश्वरको आज्ञा भंग गर्न उक्साई। ***"जुन स्त्री तपाईले मलाई मसंगै रहन भनी दिनुभएको***

***थियो..."*** यी शब्दहरुमा ४००० वर्ष पछाडी बोलिएको शब्दहरु ***"उहाँलाई क्रुसमा टांग"*** को बिउ पाउन सक्छौं ।

यो बिउ आदमको हृदयमा गहिरो रुपमा गाडिएको थियो र यो तितो सत्यआदम आफैबाट लुकिएको थियो । यदी परमेश्वरको पुत्रले आदमलाई उसको यो योजनाको लागि प्रश्न सोध्नु भएको भए आदमले आफ्नो भविष्यको पुस्ताले दिएको जस्तै जवाफ दिने सोच बनाए ।

> ***"तिमीहरु किन मलाई मार्न खोज्दछौ ? भीडले जवाफ दियो, तिमीलाई भुत लागेको छ । कसले तिमीलाई मार्न खोज्दैछ ?"***
> ***- यूहन्ना ७:१९, २०***

आदमले परमेश्वरको पुत्रको अधिकारलाई आफ्नो गल्ति लुकाउनको लागि ईन्कार गर्यो । जब आदमले परमेश्वरको पुत्रप्रति आफुले गरेको गल्ति स्वीकार गरेर र पश्चाताप गरेको खण्डमा मात्र पापको बिउ हट्न सक्थ्यो ।

हरेक पुरुष र स्त्रीको उत्तराधिकारको रुपमा मृत्युको बिउ आएको हो । अदृश्य र रहस्यमय रुपमा हामीले परमेश्वर प्रति विद्रोहको भावना राख्छौं र उहाँको पुत्रलाई हानि गर्छौं । यही कारण हो २००० वर्ष अगाडी उहाँलाई हेपियो र घृणा गरियो र क्रुसमा टाँगियो ।

यो कुराहरु एकदम गहिरो छ र स्पष्ट छि कि क्रुसको घटना मानव इतिहासको खास दिनमा मात्र सिमित छैन तर मानव ईतिहासको हरेक दिनसंग जोडिएको छ ।

## ३. तिनीहरुको कष्टमा उहाँले कष्ट भोग्नुभयो

***"र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात तिनीहरुले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।"***
***- प्रकाश १३:८***

जब येशुले क्रुसको बारेमा बोल्नुभएको थियो तब उहाँले मानिसहरुले बुझेको भन्दा पनि गहिरो रुपमा बोल्नुभएको थियो।

> ***तब येशुले आफ्ना चेलाहरुलाई भन्नुभयो, "कोही मेरो पछी आउने इच्छा गर्दछ भने, उसले आफैलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस्।"***
> ***- मत्ती १६:२४***

आफुले आफैलाई इन्कार गर्नु नै क्रुसको सिद्धान्त हो। येशुले यो सिद्धान्तलाई क्रुसको मृत्युदण्डसम्म नै पालन गर्नुभएको थियो। जुन घृणा, तिरस्कार र यातना येशुले भोग्नुभयो, तिबाट उहाँले आफैलाई बचाउनु भएन। गहिरो पिडाको बाबजुद पनि उहाँले चुपचाप सहनु भयो। सारा ब्रम्हाण्डमाथि अधिकार गर्ने शक्ति उहाँसंग थियो र आँखाको एक निमेषमा उहाँले सबै कुरा परिवर्तन गर्न सक्नुहुन्थ्यो र उहाँलाई पिडा दिनेहरुले आफ्नो मन परिवर्तन गर्न सक्नुहुन्थ्यो। ४० वर्षपछी हुने येरुशलेम शहरको विनाशमा उनिहरु नाश हुनुभन्दा अगाडी तिनीहरुले आफ्नो मन परिवर्तन गरेको येशु चाहनुहुन्थ्यो।

सारा ब्रम्हाण्डमा भएको थोकहरु उहाँले बाँधेर राख्नुभएको कुरा वास्तविकता हो।

***"उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् ।"***
***- कल्लसी १:१७***

***"उहाँ नै परमेश्वरका महिमाको प्रतिविम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरुप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ ।..."***
***- हिब्रु १:३***

उहाँले हामीलाई सृष्टि गर्नुभएको कारण उहाँले हरेक पुरुष, महिला र बालकको अभिभावक हुनुहुन्छ । आफ्नो हरेक सन्तान खुशीमा, स्वास्थ्यमा र शान्त वातवरणमा हुर्केको हेर्न चाहनुहुन्छ । उहाँको इच्छा उहाँको पिताको प्रतिरुप हो जो हरेक थोकको स्रोत हुनुहुन्छ । यसबाट यो कुरा बुझ्न सकिन्छ कि जब उहाँको सन्तानले कष्ट भोगछन् तब उहाँले पनि कष्ट भोग्नुहुन्छ । मानव जातिले पाएको कष्टमा उहाँको हृदय दुख्दछ । यस विषयमा यशैया अगमवक्ताले यो लेखेका छन्:

***"तिनीहरुका सारा दुखमा उहाँ पनि दुखित हुनुभयो, र उहाँको उपस्थितिका दूतले तिनीहरुलाई बचाए । उहाँको प्रेम र कृपामा उहाँले मोल तिरेर उनीहरुलाई छुटकारा दिनुभयो । उहाँले तिनीहरुलाई उठाउनुभयो, र प्राचिनका सबै दिनमा उहाँले तिनीहरुलाई बोक्नुभयो ।"***
***- यशैया ६३:९***

हरेक कुराहरु जो इस्राएलले व्यक्तिगत रुपमा होस् या देशको रुपमा भोग्यो, ति सबै दुखहरु ख्रीष्टले तिनीहरुसंग भोग्नुभयो । तर इस्राएल मात्रको लागि उहाँले कष्ट भोग्नुभएन तर यस पृथ्वीमा रहने हरेकको निम्ति उहाँले भोग्नुभयो ।

तपाईहरु जो अभिभावक हुनुहुन्छ, तपाईहरुको लागि एउटा प्रश्न छ, यदी तपाईको बालक एकदम पिडामा छ तपाईले कस्तो महसुस गर्नुहुन्छ ? त्यो दृश्य देख्दा तपाईको हृदय छिया-छिया हुन्छ हैन ? यदी तपाईको बालकहरुले एक अर्कालाई पिडा दिन थाले भने तपाई के गर्नु हुन्छ ? यो कुराले झन् धेरै पिडा लिएर आउँछ । तपाई आफ्नो बालकहरुमाथि दुख जताउनु हुन्छ जब एकले अर्कालाई चोट दिएर पिडा दिन्छन ।

जब परिवार बाहिरको व्यक्तिले आफ्नो सन्तानलाई चोट दिंदा अभिभावकले कस्तो महसुस गर्छन ? त्यो व्यक्तिलाई सजाय दिनु हरेकले चाहना गर्छन । जब आफ्नो बालकहरुमध्ये कोहि एक जनाको बलात्कार जस्तो घृणित काम हुँदा येशुको मन कति दुख्छ होला ? येशुले मानव अभिभावक भन्दा पनि धेरै पिडा पाउनु हुन्छ । मानव अभिभावकले त त्यो अपराधीलाई सजाय दिने निर्णय गर्छन तर येशुको नजरमा त त्यो अपराधी पनि उहाँको सन्तान हो । तिनीहरुको घृणित कामले गर्दा उहाँको मन दुख्छ तर यदी उहाँले तिनीहरुबाट सुरक्षाको घेरा उठाउनुभयो भने तिनीहरु नाश हुनेछन् र कोहि पनि नाश भएको उहाँ चाहनुहुन्न । यसकारण जब मानव जातिले एक अर्कालाई चोट दिंदा, दुख दिंदा उहाँ चुपचापले सहनुहुन्छ ।

जब हामी पाप गर्छौं तब हामी हाम्रो आत्माको लागि उहाँको आत्माको अनुरोधलाई इन्कार गर्छौं । हरेक समस्य जब हामि केहि कुरा गलत गर्छौं तब हामी ख्रीष्टलाइ चोट पुराउछौँ ।

> ***त्यसपछी पनि विश्वास त्याग गरी तिनीहरु पतित भए भनेता तिनीहरुलाइ पश्चाताप गर्ने स्थितिमा फेरी ल्याउनु असम्भव छ । किनभने तिनीहरुले आफ्नै खातिर परमेश्वरका पुत्रलाई फेरी क्रुसमा टाँग्छन, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन ।***
> ***- हिब्रु ६:६***

जब एक मानिसले आफ्नो साथीलाई थप्पड हान्छ तब त्यो थप्पड ख्रीष्टले महसुस गर्नुहुन्छ । जब हरेक बालकले आफ्नो बाबुले आफ्नो आमालाई पिटेको देखेर उ डराउछ तब त्यस डरको महसुस येशुले गर्नु हुन्छ । तर येशुले मानव जातिलाई यो गर्न देखि रोक्नु हुन्न किनभने यो सब कुरा रोक्न बल प्रयोग गर्न चाहनु हुन्न तर मानिसहरु आफ्नो स्वेच्छाले यो पापी काम गर्न छाडून भन्ने चाहनुहुन्छ । यदी उहाँले बल प्रयोग गर्नुभएको भए परमेश्वरको चरित्रमा परिवर्तन हुन्थ्यो । तर धर्मशास्त्रले भन्दछ, परमप्रभु परिवर्तन हुनुहुन्न (मलाकी ३:६) । यो कुरा हामीले बुझ्न जरुरी छ कि यदी कोहि मानिसले यो सोच्दछ कि परमप्रभुले बल प्रयोग गरेर उनीहरुलाई परिवर्तन गर्न चाहनुहुन्छ, तब तिनीहरु झन विद्रोही हुन्छन र पाप गर्छन ।

जब हामी मानव जातिले एक अर्कालाई दुख दिन्छन, कष्ट दिन्छन र यी कुराहरुले येशुको मन दुखेको महसुस गर्छौं तब हामी क्रुसको महत्वलाई पूर्ण रुपमा बुझ्छौं । विश्व स्वास्थ्य संस्थाको जानकारीनुसार संसारमा वार्षिकी रुपमा ४०-५० मिलियनको संख्यामा गर्भपतन हुन्छन । यस तथ्यलाई बुझेर हेर्दा दिनमा १२५,००० जति गर्भपतन हुन्छन । एक छिन हामी यो कुरालाई गहिरिएर हेरौं कि जब एक दिनमा १२५,५०० जति गर्भपतन हुन्छ तब परमेश्वरको मन कति छियाछिया हुन्छ होला । जब एउटी आमाले गर्भपतन गर्छे र आफुभित्र बसेको शिशुलाई फाल्छे तब उसको मनमा के चलेको हुन्छ त्यो हामी बुझ्न पनि सक्दैनौ । मानव मस्तिष्कले यो सर्वेक्षणमा सामेल भएको पिडाहरुलाई पूर्ण रुपले बुझ्न सक्दैन ।

यस संसारमा कम्तीमा पनि ३००० जना मानिसहरुले दैनिकी रुपमा सडक दुर्घटनामा आफ्नो ज्यान गुमाउछन् र २८०० जना मानिसहरुले दैनिकी रुपमा आत्महत्या गर्छन । यो सर्वेक्षण गर्दा मृतकहरुको पिडा त हामी बुझ्न सक्दैनौ तर त्यहाँ मृतकसंग जोडिएको मानिसहरुले पनि पिडा पाईरहेका हुन्छन । कति महिला वा बालबालिकाहरु यौनजन्य हिँसाको सिकार हुन्छन

। सर्वेक्षणले भन्दछ कि कम्तीमा पनि २५ मिलियन मानिसहरु मानव तस्करीको सिकार हुन्छन र यिनमा आधा भन्दा धेरै यौनजन्य हिंसाको सिकार बन्छन। २५ मिलियनको ७१% जति महिला र नाबालिकाहरु हुन्छन।

हरेक दिन १३७ महिलाहरु आफ्नो प्रेमी, श्रीमानहरुको हातबाट आफ्नो प्राण गुमाउछन्। यी घटनाले येशुको मनमा कति पिडा हुन्छ त्यो कुरा हामी बुझ्न पनि सक्दैनौ। यी त थोरै सर्वेक्षणहरु हुन् जसबाट हामी मानिस जातिको पिडा हेर्न सक्छौं।

हरेक दिन मानिस जातिको हिंसा र स्वार्थपनलाई ख्रीष्टले बाध्यतापुर्वक सहनुहुन्छ। तब एउटा प्रश्न उठ्छ कि, “किन ख्रीष्टले आत्म-अस्वीकारको क्रुसबाट आफैलाई बचाउनु भएन ?” हरेक दिन उहाँलाई यो कुराहरु हेर्दा मन दुख्छ र जब उहाँको जनहरुलाई रक्षा गर्न उहाँले स्वर्गदुतहरु पठाउनुहुन्छ तब तिनीहरुले यी कुराहरु हेर्दा उनीहरुको मनमा के हुन्छ होला त्यो कुरा हामी कल्पना पनि गर्न सक्दैनौं। के तपाईले स्वर्गदुत बन्ने रहर गर्नु भएको छ ? यो कुरालाई हामी बुझ्ने कोशिस गरौँ कि यी स्वर्गदुतहरुले पतन भएको मानव जातिको रक्षा गर्दा उनीहरुले कति धेरै दुख सहनुपर्छ ? के यो काम तपाई गर्न चाहनुहुन्छ ? के आफ्नो बालक पिडामा हुँदा तपाई केहि नगरी हेर्न सक्नुहुन्छ ? ख्रीष्टलाई कस्तो महसुस हुन्छ होला जब उहाँको छोरा-छोरीहरु पापको कारणले गर्दा पिडामा हुन्छन र उहाँकहाँ आउन छोडेर यता उता भड्किएको उहाँ देख्नुहुन्छ। उनीहरुले पाएको ज्योतिलाई ईन्कार गरेर तिनीहरुले ख्रीष्टबाट आफ्नो मनको ढोका बन्द गरेर राखेका छन्। यी दृश्यहरु हेर्दा स्वर्गदुतहरुको मन कति दुख्छ होला ?

ति अभिभावकको मन कति दुख्छ होला जब तिनीहरुको प्यारी छोरी जब लागु औषधको दुर्व्यसनमा फसेकी छे र आफ्नो पतिसंग टाढा भएकी छे। यो कुरालाई तपाई कसरी अन्त गर्नु हुन्छ ? के तपाई आफ्नो छोरीलाई परिवर्तन

हुन् आग्रह गर्नुहुन्छ ? के तपाईले चुट्की बजाएको भरमा सबै दुखहरु अन्त गर्न सक्नु हुन्छ ? तपाइँले त्यो समय के गर्न सक्नुहुन्छ जब तपाईको छोरीले तपाईको मदद अस्वीकार गर्छे तब तपाइँले कसरी आफ्नो छोरीलाई परिवर्तन गर्न सक्नुहुन्छ ? उसको स्वीकृति बिना तपाईले उसको लागि केही पनि गर्न सक्नुहुन्न । उसमाथि परिवर्तनको जोड दिंदा तपाइँले उसलाई झन ठुलो समस्यामा धकेल्नु हुन्छ ।

हाम्रो पिता र मुक्तिदाता उस्तै परिस्थितिमा हुनुहुन्छ । उहाँहरुसंग अथाह स्रोतहरु भएता पनि आफ्नो सन्तानहरुमाथि उहाँले आफ्नो ईच्छा जबर्जस्ती गर्नुहुन्न, उहाँले तब हामीलाई मदद गर्नुहुन्छ जब हामी उहाँसंग अगुवाइको निम्ति पुकार गर्छौं ।

मानव मष्तिस्कमा, हाम्रो अलग प्रकारको सोचाईको कारण हामी क्रुसमाथि विश्वास गर्न असम्भव ठान्छौं । त्यहाँ आत्म-सुरक्षा, स्वार्थपना छैन । यहाँ आफुलाई सेवाको निम्ति अर्पण गर्छौं र अरुलाई आत्म-स्वार्थबिना मदद गर्छौं ।

धेरै मानिसहरु परमेश्वरसंग रिसाउने गर्छन किनभने उनिहरुले यो सोच्ने गर्छन कि परमेश्वरले तिनीहरुको प्रार्थना सुन्नुहुन्न । तिनीहरुले उहाँलाई र उहाँको आज्ञाहरुलाई इन्कार गर्छन र उहाँको बाटोमा हिड्न छोडेर सैतानलाई आफ्नो जीवन नास गर्न निम्तो दिन्छन ।

जब हामी परमेश्वरमा विश्वास गर्छौं तब हामी यो कुरा थाहा पाउछौं कि क्रुसमा ख्रीष्टको मृत्यु एक दिनको घटना हैन तर सारा मानव इतिहासलाई समेट्ने अनुभव हो । यो कुरा सत्य हो कि ख्रीष्टले मानव शरीरमा हाम्रो लागि बलिदान हुनुभयो तर यो घटनाले हामीलाई यो सत्यतामा हाम्रो ध्यान खिच्छ कि हाम्रो सोचाई, बोलि-व्यवहारले ख्रीष्टलाई हरेक दिन पिडा दिन्छौं झुण्ड्याउछौँ । यी पदहरुमा ध्यानसंग हर्नुहोस्:

***"म ख्रीष्टसंगै क्रुसमा टांगिएको छु, अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफुलाई अर्पण गर्नुभयो ।"***
***- गलाती २:२०***

किन पावलले ***"म ख्रीष्टसंगै क्रुसमा टांगिएको छु भने"***? किन उसले म ख्रीष्टजस्तै टांगिएको छु भनेनन्? म ख्रीष्टसंगै टांगिएको छु भन्ने शब्दहरुले यो कुरा दर्शाउछ कि मानिसहरुको पापको कारणले गर्दा ख्रीष्ट आजको दिनमा पनि क्रुसमा टाँगिनु भएको छ ।

***"सताइएका छौं, तापनि त्यागिएका छैनौं । प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं । येशुको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैं हाम्रा शरीरमा बोकीहिड्छौं ।"***
***- २ कोरिन्थी ४:९-१०***

किन पावले उहाँको मृत्यु सधैं हाम्रा शरीरमा बोकिहिड्छौं भने ? यो कुरालाई व्याकरणको दृष्टिकोणबाट हेर्ने हो भने माथिका ति शब्दहरु वर्तमान कालमा लेखिएका छन्, भुत कालमा होइन । यो कुरा यो दर्शाउछ कि ख्रीष्टको पछी लाग्दा मानिसहरुले पाएको दुख र कष्टमा ख्रीष्ट आफै सहभागी हुनु हुन्छ र ति दुख र कष्ट भोग्नु हुन्छ ।

क्रुस प्रति मानिसहरुको धारणा के हो ? यदी तपाई उहाँको दुखहरुको बारेमा सोच्नु हुन्छ भने तपाईँलाई आफ्नो लागि जिउन गाह्रो हुन्छ । तपाई कसरी आफैलाई खुशी पार्न जिउन सक्नुहुन्छ जब तपाईलाई यो थाहा छ कि हरेक दिन ख्रीष्ट दुख र कष्टमा हुनुहुन्छ ?

एक दिन म यो कुरामा ध्यान गर्दै थिएँ कि र उहाँको पिडामा आफ्नो ध्यान लगाएको थिएँ र प्रार्थनामा उहाँलाई सोधें, **"कसरी म तपाईको निम्ति**

**आशिष हुन सकूँ र यो कुराहरुलाई प्रकाशमा ल्याउन सकूँ?"** र जवाफ यो थियो, **"के एक घन्टाको निम्ति मसंग हुन सक्छौं ?"** प्रिय पाठक, ख्रीष्टको दुख र कष्टमा ध्यान दिन तपाईलाई अनुरोध गर्छु । के तपाईले यस जीवनमा खोज्नुभएको कुराहरुले तपाईलाई आफ्नो मुक्तिदातासंग हिड्नमा रोकेको छ ? के ति कुराहरु ख्रीष्टको कष्टभन्दा मुल्यवान छन् त ? जसरी हरेक क्षण यो संसार आफ्नो वर्तमान स्तिथिमा बढी रहेको छ, ख्रीष्टले बयान गर्न नसकिने पिडा भोगी रहनु भएको छ । हामीले लिने हरेक श्वाश मुल्यवान छ किन भने त्यो श्वाश परमेश्वरको पुत्रले भोग्नुभएको पिडाको देन हो । दयाले भरिएको उहाँको हृदयले मानिसलाई परिवर्तन हुन जबर्जस्ती गर्दैन तर हामी उहाँकहाँ आफ्नो इच्छाले आउन भन्ने उहाँ चाहनुहुन्छ ।

यस संसारमा भएको दुख र कष्टको जिम्मेवार उहाँले हामीलाई ठहराउनु हुन्न र हामी आफैले आफ्नो भरमा संसार परिवर्तन गर्न सक्दैनौ । जब हामी ख्रीष्टले सिकाउनु भएको जस्तै आफैलाई इन्कार गर्छौं तब हामी उहाँको प्रेम र धैर्यतालाई बुझ्न सक्छौं र परिवर्तन हुन सक्छौं र अरु प्रति प्रेम र धैर्यतासाथ् व्यवहार गर्न सक्छौं ।

यो अनन्तकालको समयले पनि ख्रीष्टले क्रुसमा भोग्नु भएको पिडालाई पूर्ण रुपमा बयान गर्न सक्दैन । यो घटनामा भएको स्वार्थहिन भावनाले हाम्रो स्वार्थीपनालाई पूर्ण रुपमा प्रकट गरेको छ । जब हामी क्रुसको बारेमा सोच्छौं तब हामी परमेश्वरको प्रेमलाई पूर्ण रुपमा बुझ्न सक्छौं र नम्र हुन सक्छौं ।

क्रुसमा प्रकट भएको प्रेमप्रति के तपाई आफैलाई आकर्षित भएको महसुस गर्नु भएको छ र यस संसारको जगदेखि ख्रीष्टको बलिदानलाई सोच्नुभएको छ ? यदी क्रुस नभएको भए हामी ख्रीष्टप्रति हाम्रो आफ्नो साँचो भावनाहरुलाई बुझ्न सक्दैन थियौं होला । २००० वर्ष अगाडी भएको ख्रीष्टको मृत्युले आदममा भएको शत्रुताको बिजलाई पूर्ण रुपमा देखायो र मानवताले यसको

पुरा परिणाम देख्यो जो आदमको हृदयमा अविकसित र बुझ्न नसकिने रुपमा गाडिएको थियो ।

अब हामीलाई क्रुसको बारेमा थाहा छ, अब हामी के गर्ने त ?

## ४. के तिमीहरु मसंग एक घन्टा पनि जागा रहन सकेनौ ?

क्रुसमा ख्रीष्टको कथाले मानिसको मनमा मानवता जगाउँछ । ति व्यक्तिहरु जसले मानिसहरुलाई, जनावरहरुलाई हानि पुराउँछन् तिनीहरुको लागि यो एक पीडादायी अनुभव हुन सक्छ ।

चेलाहरुले जब येशुले मानिसहरुको माझमा खडा भएर स्वर्गको राज्यको बारेमा बोल्नु हुँदा, उहाँसंग जोडिएकोमा तिनीहरु खुशी भए । त्यो अलग कथा हो जब येशु कलवरीको बाटोमा आफ्नो क्रुस बोकेर हिड्नु भयो । क्रुसमा भएको त्यो बेइज्जत र मृत्यु यस्तो कुरा हुन् जससंग मानिसहरु जोडिन चाहन्नन् । यो कुरा पत्रुसको जीवनमा पुरा भएको हामी देख्छौं -

> ***"उहाँ कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो । पत्रुसले उहाँलाई एकातिर लगेर हप्काउन लागे, "परमेश्वरले यसो नगरून्, प्रभु, तपाईंमाथि यस्तो कहिल्यै हुनेछैन ।"***
> ***- मत्ती १६:२१-२२***

पत्रुस चाहदैनन् थियो कि येशुले क्रुसको बारेमा बोलुन भनेर र त्यो कुरा पुरा भएको उ चाहदैन थियो । जब येशुलाई कोर्रा हानिएको बेला पत्रुसलाई उहाँको चेला हो कि हैन भनेर सोधिएको थियो तर उसले सहजतासाथ् इन्कार गरेका थिए -

> ***"तिनी बाहिर दलानमा निस्केपछि अर्कीले तिनलाई देखी, र त्यहाँ भएकाहरूलाई भनी, "यो मानिस पनि येशू नासरीसँगै थियो ।" तिनले फेरि शपथ खाएर इन्कार गरे, "म ती मानिसलाई चिन्दिनँ ।"***
> ***- मत्ती २६:७१-७२***

येशुको दुख र पिडाको सत्यतालाई स्वीकार गर्दा मानिस पूर्ण रुपमा आफैलाई उहाँको साथमा हिड्नको लागि र अरुको सेवामा आफैलाई समर्पित गर्छ । पावल प्रेरितले यो सत्यतालाई यसरी लेखेका छन् -

> ***"साँच्चै भन्ने हो भने ख्रीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु । ख्रीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु, र सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकूँ । व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो । म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ, र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दुःख-भोगमा सहभागी हुन सकूँ ।"***
> ***- फिलिप्पी ३:८-१०***

यो पिडाबाट छुटकाराको जीवन पाउन हामीले यो नाटक गर्नु पर्छ कि यी पिडा र दुखहरु हाम्रो जीवनमा छैन र आरामसाथ सुत्नु पर्छ । यदी तपाई आफ्नो जीवन रोमान्चकपूर्ण, मोजमज्जा र भोज भतेरले भरेको हेर्न चाहनुहुन्छ भने तपाईले क्रुसलाई बिर्सनु पर्छ । यदी तपाई धनि बन्न चाहनुहुन्छ र धन थुपार्न चाहनुहुन्छ भने तपाईले क्रुसलाई बिर्सनुपर्छ किनभने क्रुसले हामीलाई स्वार्थहिन जीवन जिउन प्रेरणा गर्छ ।

येशुले आफ्नो चेलाहरुलाई यो दुखलाग्दो समयको लागि तयार पार्न दश कन्याको कथा भन्नुभएको थियो -

> ***"तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के । तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए । किनकि जब***

*निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन् । तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे । दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए ।"*

*- मत्ती २५:१-५*

निस्तार चाड मनाएको केहि क्षणपछी येशु आफ्नो चेलाहरुसंग गेतसमनीको बगैंचामा जानुभयो । येशुको वरिपरीको अवस्था एकदम भयावह र गम्भिर भएको थियो । चेलाहरुले उहाँको दुखलाई महसुस र देख्न सकेका थिएनन् । उहाँले पत्रुस, याकुब र यूहन्नालाई आफुसंग प्रार्थना गर्नु एकान्त ठाउँ लैजानु भयो ।

*"र आफूसँग पत्रुस र जब्दियाका दुई छोराहरूलाई लिएर उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो । तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ । तिमीहरू यहीँ बस, र मसँग जागा रहो ।" अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस् । तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस् ।"*

*- मत्ती २६:३७-३९*

चेलाहरुले यो देख्न सक्थे कि येशु गहिरो तनावमा हुनुहुन्थ्यो तर पनि तिनीहरु निन्द्राको बसमा परे र सुते । पिडासाथ केहि क्षण प्रार्थना गरेपछि येशु, आफ्नो सुतिरहेका चेलाहरुको नजिक आउनुभयो र उठाउनु भयो ।

*"तब उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, र पत्रुसलाई भन्नुभयो, "के तिमीहरू मसँग एक घण्टा पनि जागा बस्न सकेनौ ? जागा रहो, प्रार्थना गर, र परीक्षामा*

*नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ।"*
***- मत्ती २६:४०-४१***

आफैमा विश्वास गर्ने पत्रुस जसले येशुको निम्ति मर्ने दावी गरेको थियो, तर जब उसले येशुलाई पिडामा देख्यो तब ऊ निन्द्रामा पर्यो। यस्तो समयमा ऊ कसरी सुत्न सक्यो ?

आफ्नो स्वार्थिपनलाई जीवित राख्नको लागि मानिसले येशुको पिडालाई ईन्कार गर्दछन्। यदी हामीले येशुको पिडालाई पूर्ण हृदयसाथ ध्यान दियौं भने हामीले यो हेर्न सक्छौं कि यस संसारको सुख विलासलाई हामी उहाँको खातिर त्याग्न सक्छौं।

हरेक दिन हामीले आफ्नो स्वार्थि चरित्रमाथि विजय पाउन येशुको वलिदानलाई याद गर्नुपर्छ। पुरानो नियममा हरेक बिहान र बेलुका बलिदान दिइन्थ्यो। यी वलिदानहरुले ख्रीष्टको पिडा र वलिदानलाई प्रतिनिधित्व गर्थ्यो जसको कारण मानिसहरुले अनुग्रह र क्षमा पाउन सक्थे र आफ्नो पापमय चरित्रलाई छोड्न सक्थे।

हामी वलिदानहरुको बारेमा पछी कुरा गर्नेछौं, तर हामीले यो कुरा बुझ्न जरुरी छ कि येशुको अनुयायीहरुले उहाँको वलिदानलाई ध्यानमा राख्नु पर्छ र ति वलिदानहरुको महत्व जान्न जरुरी छ।

***"पत्रुस र यूहन्ना दिउँसो तीन बजे प्रार्थनाको समयमा मन्दिरमा जाँदैथिए।"***
***- प्रेरित ३:१***

प्रार्थनाको समय बेलुकाको वलिदानको समयमा हुन्थ्यो तर चेलाहरु ख्रीष्टको पिडा र वलिदानमाथी ध्यान दिन र प्रार्थना गर्न र उहाँको निम्ति जिउनको लागि आफ्नो जीवन समर्पित गर्न प्रार्थना गरे।

यदी तपाई ख्रीष्टको अनुयायी हुनुहुन्छ भने म तपाईलाई आफ्नो दिनको केहि समय ख्रीष्टको वलिदान र उहाँको पिताको पिडालाई सम्झनुहोस् । येशुले आज पनि यो प्रश्न सोध्दै हुनुहुन्छ कि, **"के तिमीहरु मसंग एक घण्टा पनि जागा बस्न सकेनौ ?"**

## ५. वलिदान र भेटिहरु तपाईले चाहनुभएन

क्रुसको पिडालाई नबुझ्नुको एउटा मुख्य कारण यो हो कि हामीले पुरानो नियममा स्थापित भएको वलिदानको व्यवस्थालाई राम्ररी बुझेको छैनौ ।

> *"इस्राएलका सारा समुदायलाई यसो भन, कि महिनाको दशौँ दिनमा तिनीहरू हरेकले आ-आफ्नो परिवारको निम्ति, हरेक घरानाअनुसार एउटा-एउटा पाठो ल्याएर राखोस् । कसैको घरानामा एउटा पाठाको लागि मानिस थोरै भए त्यसले आफ्नो घरका नजिकको छिमेकीसँग मानिसहरूको गन्तीअनुसार मिलोस्। हरेक मानिसको खुवाइअनुसार पाठोको गन्ती गर्नू । तिमीहरूको पाठो खोटरहित होस् - एक वर्षको पाठो । तिमीहरूले त्यो भेड़ा अथवा बाख्राबाट लिनू । त्यो तिमीहरूले त्यस महिनाको चौधौँ दिनसम्म राख्नू, र इस्राएलको समुदायका सबै मानिसहरूले यो बेलुकीपख मारून् । तब तिनीहरूले त्यसको रगत लिएर जुन-जुन घरमा त्यो खाइन्छ, त्यसको ढोकाको चौकोसका दुईपट्टिका खम्बाहरू र माथिल्लो भागमा लाऊन् ।"*
> *- प्रस्थान १२:२-७*

> *"मेरो निम्ति माटोको वेदी बनाएर त्यसैमा तिमीहरूका होमबलि, मेलबलि, भेड़ाबाख्राहरू र गाईबस्तुहरू चढ़ाउनू । जहाँ-जहाँ म मेरो नाउँको आदर गराउनेछु, त्यहाँ-त्यहाँ आएर म तिमीहरूलाई आशिष् दिनेछु ।*
> *- प्रस्थान २०:२४*

यी पदहरु हेर्दा यस्तो लाग्छ कि परमेश्वर चाहनुहुन्थ्यो कि मानिसहरुले पशुलाई मारेर उहाँको निम्ति वलिदान दिउन र तिनीहरुले यसो गरेको खण्डमा उहाँले तिनीहरुलाई आशिष दिनुहुन्थ्यो । जब बप्तिस्मा दिने यूहन्नाले

संसारको सामु मसिहलाई प्रस्तुत गर्यो तब उसले उहाँलाई परमेश्वरको थुमा भनेर प्रस्तुत गरेको थियो ।

> ***"भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा !"***
> ***- यूहन्ना १:२९***

यदी येशु परमेश्वरको थुमा हुनुहुन्छ भने मानिसहरु यो निष्कर्षमा पुग्छन कि हाम्रो पापको मोल तिर्न परमेश्वर आफ्नो पुत्र वलिदान भएको चाहनुहुन्छ । यो गलत विचारधारासाथ् मानिसहरु यो कुरामा विश्वाश गर्न पुग्छन कि मानवजातिले परमेश्वरको पुत्रलाई मारेको हैन तर जे कुरा परमेश्वर चाहनुहुन्छ, त्यही कुरा उनीहरु गर्दैछन ।

> ***"तापनि उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुको इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोषबलिझैँ बनाउनुभए तापनि, उसले आफ्ना छोराछोरीलाई देख्नेछ र आफ्नो दिन बढाउनेछ र परमप्रभुको इच्छा उसकै हातमा उन्नत हुनेछ ।"***
> ***- यशैया ५३:१०***

यदी क्रुसको वलिदानमा परमेश्वर खुशी हुनु भएको भए, मानिसहरु यो धारणामा पुग्छन कि हाम्रो पापको विरूद्धमा उहाँको क्रोध शान्त पार्न परमेश्वरलाई वलिदानको खाँचो पर्दछ । यसको कारण यो हो कि परमेश्वरको न्यायलाई पुरा गर्न जरुरी छ । हाम्रो पाप कति भयानक छ त्यो देखाउन येशुले हाम्रो स्थान लिनुभयो र आफ्नो प्राणद्वारा पापको मोल तिर्नुभयो र पिताको न्यायलाई पुरा गर्नुभयो । यो कुरालाई एउटा बहुचर्चित भजन **"केवल येशुमा"** ले दर्शाएको छ । यो भजन अंग्रेजीमा **"In Christ Alone"** भन्ने भजनको रुपान्तरण हो ।

क्रुसको विचारधाराले सबै कुरा पूर्ण रुपमा परिवर्तन गरीदिन्छ । यसले परमेश्वरलाई एक कठोर तानाशाहको रुपमा प्रस्तुत गरीदिन्छ जसले हामीबाट मृत्यु माग्दछ तर हामीले हाम्रो पापपूर्ण चरित्र कति भयानक र डरलाग्दो छ, त्यो कुरा हामी बिर्सिन्छौँ । यदी हाम्रो पापको कारण परमेश्वरले आफ्नो पुत्रको मृत्युको माग गर्नुभयो, तब परमेश्वरप्रति हाम्रो क्रोध जायज छ र हामी दुई धारणामा पुग्छौं - पहिलो, यहुदीहरु र रोमीहरुले उहाँलाई मारे । दोस्रो, यो सब कुराहरु परमेश्वरको ईच्छा बमोजिम भइरहेको छ ।

> ***"दक्ष विशषज्ञहरु जसले हराएको भनिएको यहूदाद्वारा लेखिएको सुसमाचारको पत्रलाई खोज गरेर, अध्धयन गरेर र अनुवाद गरेका छन्, तिनीहरुले भनेका छन्, "आफ्नो संसारिक शरीररुपी कैदबाट मुक्ति पाउन येशुले आफ्नो नजिकको मित्र यहूदा ईस्कारीवटलाई आफुलाई रोमीहरुको हवालि गर्नु भनेर आग्रह गर्नुभयो । यस सुसमाचारको ति २६ पानाहरुले यहूदालाई इसाई जगतमा एक नायकको रुपमा प्रस्तुत गर्दछ, खलनायकको रुपमा हैन ।***
>
> ***क्रेग इभान्स, जो अकदिया दिभीनिटी कलेजमा नया नियमको एक शिक्षक हुन्, उसले भनेका छन्, "यहूदाले लेखेको सुसमाचारले यहूदाले गरेको घातलाई विश्वासघात हैन तर आज्ञापालनको रुपमा प्रस्तुत गरेको छ ।"***
>
> ***- <u>Anne McIlroy, Was Judas a True Christian Hero? The Globe and Mail April 7, 2006</u>***

ति व्यक्तिहरु जसले बाइबललाई शिरोपर गर्छन, तिनीहरुको लागि यो कुरा एकदम बकम्फुसे लाग्दछ । यो प्रश्न अझै पनि कायम छ, के परमेश्वरलाई वलिदानको आवश्यक छ ? के उहाँको न्यायले यी कुराहरुको माग गर्दछ ?

*"बलिदान र भेटी तपाईंले चाहनुभएन, तर मेरा कानहरू तपाईंले खोलिदिनुभएको छ । होमबलि र पापबलिको माग तपाईंले गर्नुभएन ।"*
*- भजनसंग्रह ४०:६*

बाइबलले स्पष्ट रुपमा भन्दछ कि परमेश्वरले बलिदान चाहनुहुन्न । यो कुरा पनि एकदम स्पष्ट छ कि उहाँले होमबलि र पापबलिको माग गर्नुभएन । हामी अझै पढ्न सक्छौं:

*"किनकि तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रदेशबाट निकालेर ल्याएको दिन जब मैले तिनीहरूसँग बोलें, तब मैले तिनीहरूलाई केवल होमबलि र बलिदानका बारेमा आज्ञा मात्र दिइनँ, तर मैले तिनीहरूलाई यो आज्ञा दिएको थिएँ: मेरो आज्ञापालन गर, र म तिमीहरूका परमेश्वर हुनेछु, र तिमीहरूचाहिँ मेरा प्रजा हुनेछौ । जुन मार्गका विषयमा म तिमीहरूलाई आज्ञा गर्दछु ती सबैमा हिँड, ताकि तिमीहरूको भलो होस् ।"*
*- यर्मिया ७:२२-२३*

कसरी परमेश्वरले इस्राएलको प्रजालाई होमबली र अरु बलिदानहरुको लागि आज्ञा गर्नुभएन जब कि यो कुरा स्पष्ट देखिन्छ कि उहाँले निस्तार चाडको विधि र वलीको विधि स्थापना गर्नुभएको थियो । के यहाँ बाइबल आफैमा गलत साबित भएको छ ?

*"भोलि यसै समय बेन्यामीनको इलाकाबाट एक जना मानिसलाई पठाउनेछु । त्यसलाई मेरो प्रजा इस्राएलको राजा अभिषेक गर् । त्यसले मेरो प्रजालाई पलिश्तीहरूका हातबाट छुटाउनेछ । मैले मेरो प्रजाको दु:ख देखेको छु, किनकि यिनीहरूको क्रन्दन मेरा कानमा आइपुगेको छ ।" जसै शाऊल देखा परे तब परमप्रभुले शमूएललाई*

*भन्नुभयो, “मैले तँलाई भनेको मानिस यही हो । यही मानिसले मेरो प्रजामाथि शासन गर्नेछ ।”*
*- १ शमुएल ९:१६-१७*

यो कथामा परमेश्वरले आफ्नो अगमवक्ता शमुएललाई इस्राएलको प्रजामाथि एक जना व्यक्तिलाई राजा नियुक्त गर्नुभनेर आज्ञा गर्नु भएको छ । यसो हेर्दा यो कुरा परमेश्वरको ईच्छा बमोजिम भएको देखिन्छ तर हामीले राम्ररी अध्धयन गर्यौं भने यो कुरा थाहा पाउछौं कि राजाको माग इस्राएलले गरेका थिए र परमेश्वरले तिनीहरुको माग पुरा गर्नुभएको थियो ।

*“तर शासनको निम्ति राजाको माग सुनी शमूएल दु:खी भए, तिनले परमप्रभुसित प्रार्थना गरे। तब परमप्रभुले शमूएललाई यसो भन्नुभयो, “मानिसहरूले भनेका सबै कुरा सुन् । तिनीहरूले तँलाई इन्कार गरेका होइनन् । तिनीहरूले मलाई नै इन्कार गरेका हुन्, मलाई नै तिनीहरूले आफ्ना राजा बनाउन इन्कार गरेका हुन् । मिश्रदेशबाट तिनीहरूलाई ल्याएको दिनदेखि तिनीहरूले मलाई जे-जसो गरे अब तिनीहरूले तँलाई त्यसै गरिरहेका छन् । तिनीहरूले मलाई त्यागेर अरू देवताहरूको पूजा गरेका छन् ।*
*- १ शमुएल ८:६-८*

बाइबलले यो कुरा स्पष्ट पारेको छ कि परमेश्वरले इस्राएललाई राजा दिन चाहनुभएन तर जब तिनीहरुले राजाको माग गरे तब तिनीहरुको माग पुरा गरीदिनुभयो ।

*“हे इस्राएल, म तिमीहरूलाई सर्वनाश गर्नेछु, किनकि तिमीहरू मेरो विरुद्धमा, तिमीहरूका सहायकको विरुद्धमा छौ । तिमीहरूको राजा कहाँ छ, कि त्यसले तिमीहरूलाई बचाउन सकोस्? तिमीहरूका सबै नगरका शासकहरू कहाँ छन्, जसका विषयमा तिमीहरू भन्थ्यौ,*

*'हामीलाई एउटा राजा र राजकुमारहरू दिनुहोस्'? यसैले मेरो रीसमा मैले तिमीहरूलाई एउटा राजा दिएँ, र मेरो क्रोधमा मैले त्यसलाई उठाइलगें।"*
*- होशे १३:९-११*

आफ्नो रिसमा परमेश्वरले इस्राएललाई एउटा राजा दिनुभयो, यो कुराले के अर्थ जनाउँछ ? के परमेश्वरले आफ्नो रिसमा मानिसको गलत ईच्छा पुरा गर्नुहुन्छ ? बाइबलको धेरै ठाउँहरुमा हामी यो पाउछौं कि मानिसले माग गरेको कुरा परमेश्वरले पुरा गर्नुभएको छ । उदाहरणको लागि:

*"परमप्रभुले मोशालाई भन्नुभयो, "कनान देशभित्र गुप्तचरहरू पठा । त्यो देश म इस्राएलीहरूलाई दिनेछु । आ-आफ्नो पुर्खाको कुलबाट एक-एक जना नायक पठा ।"*
*- गन्ती १३:१-२*

झट्ट माथिबाट हेर्दा यो लाग्छ कि परमेश्वर चाहनुहुन्छ कि इस्राएल गएर कनान देशमा भेद लिओस् तर गहन रुपमा अध्धयन गर्दा हामी अर्कै कुरा पढ्न सक्छौं ।

*"अनि तिमीहरू सबैले मकहाँ आएर भन्यौ, "भेद लिनलाई हाम्रा अगि मानिसहरू पठाऔं । त्यस देशमा हामी कुन बाटो जानुपर्ने हो र कुन-कुन सहरमा आइपुग्नेछौं भन्ने खबर तिनीहरूले हामीकहाँ ल्याउनेछन् ।"*
*- व्यवस्था १:२२*

कनान देशको भेद लिन इस्राएलले चाहेको थियो र परमेश्वरले केवल तिनीहरुको चाहलाई पुरा गर्नुभएको थियो । परमेश्वरले किन यसो गर्नुभयो ?

*“व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्‌यो अनुग्रह झन् बढी मात्रामा बढ्‌यो,”*
*- रोमी ५:२०*

जब मानिसको हृदयमा पापले प्रवेश गर्दछ तब परमेश्वरको पहिलो कार्य यिनीहरुको हृदयमा भएको पापलाई देखाउनु हो । मानिसको हृदयले आफैलाई धोका दिन सक्ने क्षमता राखेको हुन्छ । आफ्नो पापी चरित्रप्रति यो अन्धो हुन्छ । जब हाम्रो ईच्छा परमेश्वरको ईच्छाविपरित हुन्छ तब उहाँले हाम्रो ईच्छा कतिसम्म गलत छ भनेर देखाउन ति ईच्छाहरु पुरा गरी दिनु हुन्छ । हाम्रो यो ईच्छा कतिसम्म गलत छ रहेछ भनेर जान्ने अवसर परमेश्वरले हामीलाई दिनुहुन्छ । परमेश्वरले यी कुराहरु पुरा गर्नुहुदाँ हाम्रो पापमय चरित्रको कारणले गर्दा हामीले यो गलत धारणामा हुन्छौं कि यो सब परमेश्वरको ईच्छा बमोजिम भईरहेको छ । हामी यसकारण पनि यो गलत धारणामा हुन्छौं कि हामी यसद्वारा हाम्रो पापमय चरित्रको औचित्य देखाउन खोज्छौं ।

दोस्रो पाठमा हामीले हेरेका थियौं कि आदमको हृदयमा मृत्युको बिज रोपिएको थियो । उसले आफ्नो पापमय  चरित्रको कारणले गर्दा आफुमाथि आएको मृत्युको दण्ड उसले परमेश्वरको पुत्रमा थोपीदिएको थियो किनभने उ परमेश्वरदेखि डराएको थियो । मृत्युबाट बाच्न उसले आफ्नो पत्नीमाथि दोष थपेको थियो । आफ्नो स्थानमा आफ्नो श्रीमतीले दण्ड पाएको हेर्न उ तयार थियो । आदमले सोच्यो कि परमेश्वरको व्यवस्थाले मृत्युको माग गर्दछ । उसले सोच्यो कि यो दोष अरुमाथि थप्न सकिन्छ र अरुले यो ऋण तिर्न सक्छन । उसको हृदयमा भएको कुरा बुझाउन परमेश्वरले आदमलाई बलिदानको व्यवस्था दिनुभयो । बलिदानको व्यवस्था मानिसको हृदयमा भएको विचारको प्रतिबिम्ब हो, परमेश्वरको हैन । बलिदानको व्यवस्था

मानिसको मस्तिकलाई हेर्ने एक ऐना हो । आउनुहोस्, बलिदानको बिषयमा लेखिएको पदहरुलाई हेरौं:

> ***"तर शमूएलले भने, "होमबलि र बलिदानभन्दा बेसी परमप्रभुले आज्ञापालन नै रुचाउनुहुन्न र? आज्ञापालन बलिदानभन्दा उत्तम हो, र उहाँको वचन मान्नु भेड़ाको बोसोभन्दा असल हो ।"***
> ***- १ शमुएल १५:२२***

परमेश्वर चाहनुहुन्छ कि हामी उहाँको अनुग्रहमाथि आशा र भरोसा राख्दै उहाँको आज्ञा पालन गरौँ । परमेश्वर चाहनुहुन्न कि मानिसले बलिदान दिउन तर पूर्ण हृदयसाथ् उहाँकहाँ आउन भनेर उहाँ चाहनु हुन्छ । त्यसो भए किन परमेश्वरले मोशालाई बलिदानको विधिको विषयमा एकदम विस्तार रुपमा भन्नुभयो ?

> ***तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तैंले भन्नुपर्ने कुरा यी नै हुन्।" अनि मोशा तल आए, र मानिसहरूका धर्म-गुरुहरूलाई बोलाउन पठाए, र परमप्रभुले तिनलाई बोल्नू भनी आज्ञा गर्नुभएका यी सबै कुराहरू तिनीहरूका सामु राखिदिए, सारा मानिसहरूले एकसाथ यसो भने, "परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी पालन गर्नेछौं ।" तब मोशाले मानिसहरूको जवाफ परमप्रभुलाई सुनाइदिए।"***
> ***- प्रस्थान १९:६-८***

जब परमेश्वर इस्राएलकहाँ आउनूभयो तब उहाँ चाहनुहुन्थ्यो कि तिनीहरु सबै उहाँको करारको पालना गर्दै उहाँको निम्ति पुजाहारीहरु बनुन । तर इस्राएलले यो कुरा स्पष्ट पार्यो कि यदी उनीहरुको ईच्छा पुरा गरेको खण्डमा तिनीहरुले परमेश्वरको सेवा गर्नेछन । यसो कुरा गर्दा तिनीहरुले परमेश्वरको विरुद्धमा विद्रोह गर्दैथिए ।

*“किनकि तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रदेशबाट निकालेर ल्याएको दिन जब मैले तिनीहरूसँग बोलें, तब मैले तिनीहरूलाई केवल होमबलि र बलिदानका बारेमा आज्ञा मात्र दिइनँ, तर मैले तिनीहरूलाई यो आज्ञा दिएको थिएँ: मेरो आज्ञापालन गर, र म तिमीहरूका परमेश्‍वर हुनेछु, र तिमीहरूचाहिँ मेरा प्रजा हुनेछौ । जुन मार्गका विषयमा म तिमीहरूलाई आज्ञा गर्दछु ती सबैमा हिँड, ताकि तिमीहरूको भलो होस् । तर तिनीहरूले आज्ञापालन गरेनन् न त तिनीहरूले ध्यान नै दिए । त्यसको सट्टा तिनीहरू आफ्नै दुष्ट हृदयको अटेरीपनामा हिँड्दैरहे । तिनीहरू पछि हटे, अगि बढ्नेनन् । तिमीहरूका पिता-पुर्खा मिश्रदेशबाट निस्केको समयदेखि यसो अहिलेसम्म मैले बारम्बार दिनैपिच्छे मेरा सेवक, अगमवक्ताहरूलाई तिमीहरूकहाँ पठाएँ । तर तिनीहरूले मेरो वचन सुनेनन्, मेरो कुरामा कान थापेनन्, तर अटेरी भए, र तिनीहरूका पिता-पुर्खाहरूले भन्दा पनि अझ खराबी गरे’ ।”*
*- यर्मिया ७:२२-२६*

बाइबलले यो कुरालाई स्पष्ट पारेको छ कि जुन दिन इस्राएलीहरु मिश्र देशबाट निस्केर आए, तिनीहरुले परमेश्वरको ईच्छा विपरीत बिद्रोह गरेका थिए । जुन रात तिनीहरुले निस्तार चाडको थुमा खादैं थिए तब तिनीहरुले ख्रीष्टलाई ईन्कार गर्दै थिए । तिनीहरुले यसरी नै ख्रीष्टलाई पनि ईन्कार गरेका थिए । तिनीहरु आफ्नो हृदयको गलत विचार अनुसार चल्दै थिए । जब परमेश्वरले तिनीहरुलाई निस्तार चाडको थुमाको विषयमा नीति नियमहरु दिदैं हुनुहुन्थ्यो तब उहाँले तिनीहरुले गरेका कामलाई देखाउनु हुँदै थियो । यो तिनिहरुको पापको प्रकाश थियो ।

*“यसकारण इस्राएलीहरूलाई भन्, ‘म परमप्रभु हुँ’ । म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट*

*छुटकारा दिनेछु । आफ्नो हात उठाएर तिनीहरूलाई ठूलो दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु । म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु । अनि म तिमीहरूका परमप्रभु परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रीहरूको दासत्वबाट निकाल्नुभयो भन्ने कुरा तिमीहरूले जान्नेछौ । अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ । म त्यो तिमीहरूको अधिकारमा दिनेछु। म परमप्रभु हुँ ।" तब मोशाले इस्राएलीहरूलाई त्यसै भनेर सुनाए, तर कठोर दासत्व र नैराश्यले गर्दा तिनीहरूले मोशाका कुरा सुनेनन् ।"*
*- प्रस्थान ६:६-९*

जब इस्राएलीहरुले मिश्रीको हातबाट दुख, कष्ट भोगेका थिए तब तिनीहरुले आफ्नो पापमय चरित्र र मुर्तिपूजाबाट पश्चताप गर्नुको सट्टा सारा दोष परमेश्वरलाई दिएका थिए । यदी तिनीहरुको हृदयमा परमेश्वरप्रति दोष र रिस भएको भए तिनीहरुले वाचा गरिएको देशलाई कसरी इन्कार गर्न सक्थे ? यो सब निस्तार चाडको थुमाको बिज हो । यदी त्यस समय तिनिहरुकहाँ परमेश्वरको पुत्र आउनु भएको भए तिनीहरुले उहाँलाई पनि मार्ने थिए जसरी १५०० वर्षपछी उहाँलाई मारेका थिए ।

यी सबै कुराहरुको बाबजुद पनि परमेश्वरले तिनीहरुलाई आफ्नो घरको ढोकाको चौकसमा रगतको चोपको चाप लगाउन सिकाउनु भयो । पाप क्षमाको विषयमा तिनीहरुको गलत धारणालाई आफ्नो अनुग्रहमा देखाउनु भएको थियो । आफ्नो दया र अनुग्रहमा पढाउन थाल्नु भयो ।

दश आज्ञा र व्यवस्था पाएको हप्ता दिन नबित्दै तिनीहरुले परमेश्वरसंग गरेका बाचालाई तोडेर सुनको बाछाको वरिपरी नाचेका थिए । आवेगमा

आएर मोशाले परमेश्वरले दिनुभएको दश आज्ञाको शिलापाटिलाई तोडेका थिए ।

> ***"परमप्रभुले मोशालाई भन्नुभयो, "पहिलेका जस्तै ढुङ्गाका दुई वटा पाटी काटेर ले । म ती पाटीमा त्यही कुरा लेख्नेछु, जो तैंले फुटाएको पहिलेका पाटीमा लेखिएका थिए ।"***
> ***- प्रस्थान ३४:१***

ढुंगाले बनेको १० आज्ञाको दोस्रो शिलापाटी मानिसको हातबाट बनेको थियो र परमेश्वरले त्यसमा लेख्नु भएको थियो । यसले परमेश्वर र मानिस दुवैको कामको प्रतिनिधित्व गर्दछ । मानिसहरुले परमेश्वरले सित्तैमा दिनुभएको अनुग्रहको प्रस्तावलाई ईन्कार गरेको थियो । आफ्नो धार्मिकता र भलाईलाई देखाउनको लागि मानिसले यस्तो गरेको थियो । यसकारण मानिसले आफ्नो गल्ति देखोस भनेर परमेश्वरले तिनीहरुको माग पुरा गर्नुभएको थियो । तिनीहरुको हृदय पूर्ण रुपले भेटि र बलिदानले भरेको छ । यसकारण त तिनीहरु सुनको बाछ्ाको वरिपरी नाचेका थियो । यसकारण परमेश्वरले तिनीहरुको हृदयको बिचार बुझेर १० आज्ञा दिनुभएको थियो ।

> ***"मैले तिनीहरूलाई यस्ता धार्मिक-विधानहरू पनि दिएँ जो असल थिएनन्, र यस्ता नियमहरू दिएँ जसद्वारा तिनीहरू बाँच्न सक्नेथिएनन् ।"***
> ***- ईजकिएल २०:२५***

यो कसरी हुन् सक्छ कि परमेश्वरले मानिसहरुलाई त्यो कुराहरु दिनुहुन्छ जो तिनीहरुले पुरा वा पालन गर्न नै सक्दैनन् ? परमेश्वरले तिनीहरुले चाहेको कुरा तिनीहरुलाई दिनुहुन्छ । ति भेटि र बलिदानद्वारा परमेश्वरलाई खुशी पार्न मानिस कतिसम्म अगाडी बढ्न सक्छ ?

***"तब राजा र सबै मानिसहरूले परमप्रभुको सामुन्ने बलिदान चढ़ाए । राजा सोलोमनले बाईस हजार साँढ़े र एक लाख बीस हजार भेड़ाबाख्रा बलि चढ़ाए । राजा र सबै मानिसहरूले यसरी परमेश्वरको मन्दिरलाई समर्पण गरे ।"***
***- २ इतिहास ७:४, ५***

कहिले परमेश्वरले यी कुराहरुको माग गर्नुभयो ? बाइबलले स्पष्ट रुपमा भन्दछ कि परमेश्वरले भेटि र बलिदानहरु चाहनुहुन्न । आदिमा परमेश्वरले आदमलाई उसको हृदयमा भएको कुरा देखाउन उसलाई वार्षिकि रुपमा एउटा थुमा बलिदान दिन आज्ञा गर्नुभएको थियो ।

***"केही समय बितेपछि कयिनले परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए । तर हाबिलले आफ्ना भेड़ाको बगालबाट पहिले बियाएका पाठाहरूका बोसे भाग ल्या ए। परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण गर्नुभयो,***
***- उत्पति ४:३-४***

यो पदलाई **जोन वेस्ली (John Wesley)** को कमेंटरीमा यसरी व्याख्या गरिएको छ ।

***"केहि समय बितेपछी - दिनको अन्तमा वा वर्षको अन्तमा, त्यो समय हो जब मानिसहरुले आफ्नो फसल जम्मा गर्थे । तोकेको समयमा कयिन र हाबिलले आदमको सामु परमेश्वरको निम्ति बलिदान लिएर आएका थिए । आदम आफ्नो परिवारको निम्ति एक पुजाहारी थिए । यो कुरालाई हामी यसरी बुझ्न सक्छौं कि परमेश्वरले आदमलाई एक पवित्र जिम्मेवारी दिनुभएको थियो ।"***
***- <u>जोन वेस्ली (John Wesley) को कमेंटरी, उत्पति ४:३</u>***

वर्षको अन्तमा भन्ने शब्दको लागि हिब्रु शब्दलाई बाइबलमा धेरै ठाउँमा एउटै शब्द प्रयोग गरिएको छ ।

> ***यो विधि वर्षेनी ठहराइएको समयमा मान्ने गर्नू ।"***
> ***- प्रस्थान १३:१०***

> ***"हरेक साल तिनकी आमाले तिनलाई एउटा सानो कुर्ता बनाइदिन्थिन्, र तिनका पतिसँग वार्षिक बलिदान चढ़ाउन जाँदा शमूएलको निम्ति त्यो लगिदिन्थिन् ।"***
> ***- १ शमुएल २:१९***

कसरी एउटा पशु प्रति परिवार पछी गएर १२०,००० थुमाहरु र २२,००० गोरुमा परिवर्तन भयो र एउटा राजाले ति पशुहरुको बलि चढाए ? आफुले सोचेको परमेश्वरलाई खुशी पार्न मानिसहरु आफ्नो बालबच्चालाई सम्म बलि दिन तयार थिए । यो विषयमा बाइबलले के भन्छ ?

> ***"के परमप्रभु हजारौँ भेड़ाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र ?के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढ़ाऊँ ? ए मानिस, जे असल छ, त्यो उहाँले तँलाई देखाउनुभएको छ । र परमप्रभुले तँबाट के चाहनुहुन्छ ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तेरा परमेश्वरसित विनम्र भएर हिँड्नू ।"***
> ***- मिका ६:७-८***

परमेश्वर चाहनुहुन्छ कि मानिसहरु उहाँमाथि विश्वास गरुन र उहाँको आज्ञा पालन गरुन । उहाँलाई खुशी पार्न बलिदानको आवश्यक छैन । यो कुरा पढ्दा मनमा एउटा पद याद आउँछ ।

***"वास्तवमा, व्यवस्थाअनुसार रगतले प्राय: सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन ।"***
***- हिब्रु ९: २२***

व्यवस्थाले किन रगत नबगाई पाप क्षमा हुन् सक्दैन र छुटकारा पाउन सकिन्न भन्दछ ? किनभने व्यवस्था मानिसको हृदयमा भएको कुरालाई देखाउने एउटा ऐना हो ।

***"यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।"***
***- रोमी ३:२०***

भेटि र बलिदानको कार्यद्वारा मानिसको पाप क्षमा हुने हैन तर ति बलिदानहरुले हाम्रो हृदयमा के छ भनेर देखाउँछ र हामी ति पापबाट पश्चताप गरेको छ कि छैन त्यो कुरा महत्वपूर्ण छ । व्यवस्थाले हामीलाई पापबाट पश्चताप गर्न लगाउँछ । रगत नबगाई पाप क्षमा हुन्न भन्ने कुरा परमेश्वरले माग गर्नुभएको छैन तर मानिसले यो कुरालाई विश्वास गरेको छ कि बलिदानबिना परमेश्वरली उसलाई माफ गर्नुहुन्न । जसको कान छ उसले सुनोस र बुझोस् ।

बलिदानको व्यवस्थाको विषयमा यो कुरा बुझ्न जरुरी छ कि यसले हाम्रो पापमय हृदयलाई देखाउने काम गर्दछ । धर्मशास्त्रमा यसो लेखिएको छ:

***"किनकि तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रदेशबाट निकालेर ल्याएको दिन जब मैले तिनीहरूसँग बोलें, तब मैले तिनीहरूलाई केवल होमबलि र बलिदानका बारेमा आज्ञा मात्र दिइनँ ।"***
***- यर्मिया ७:२२***

यो सब कुरालाई हामी व्यवस्थासंग यसरी बुझ्न सक्छौं कि यो व्यवस्था मानिसको हृदयमा भएको कुरा र ऊभित्र भएको पापलाई देखाउने ऐना हो।

परमेश्वरलाई खुशी बनाउन बलिदान दिनुपर्छ भन्ने मानिसको सोच भएता पनि परमेश्वरले मानिसलाई पाप क्षमा गर्ने उहाँको दयामयी चरित्रको बिषयमा सिकाउनु भयो र भविष्यमा आउने मसिहलाई देखाउनु भयो जसको चरित्र थुमाको जस्तो थियो। भविष्यमा आउने यो पात्रको प्रकाशले मानिसहरुको हृदय परमेश्वरप्रति फर्काउने छ। ख्रीष्टमा प्रकट भएको परमेश्वरको चरित्रले मानिसको हृदय परमेश्वरतर्फ फर्काउँछ र एक बनाउँछ। यसकारण आफ्नो मृत्युभन्दा अघिल्लो रातमा येशुले यस्तो भन्नुभयो:

> ***"अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्‍वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्‍टलाई चिनून्। जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु।"***
> ***- यूहन्ना १७:३-४***

यदी आफ्नो मृत्युभन्दा अघिल्लो रातमा पिताले दिनुभएको कामलाई पुरा गर्नुभएको भए येशुको बलिदानको आवश्यक थिएन्, केवल आफ्नो प्रेमिलो दयामय चरित्र देखाए पुग्थ्यो। हाम्रो निम्ति येशुले बलिदान दिन जरुरी थियो किनभने हाम्रो पापमय चरित्रमा दण्डबिना क्षमा असम्भब थियो। मानव जातिले परमेश्वरको क्षमा पाउन ख्रीष्टको मृत्यु अति आवश्यक थियो। यसकारण आफ्नो मृत्युभन्दा अगाडी येशुले अब सिद्धियो भन्ने शब्दहरु उच्चारण गर्नुभयो।

के यो सिद्धिएको थियो ? उहाँले त्यो कामलाई पुरा गर्नुभएको थियो जसद्वारा मानिसले यो कुरा देख्न सक्यो कि ऊ क्षमा पाउनको योग्य भयो। यसकारण परमेश्वरले बलिदानहरुको आज्ञा दिनुभएको थियो, किनभने

मानिसले यो कुरा देख्न र विश्वास गर्न सकोस कि उसको स्थानमा येशुले बलिदान दिनुभयो ।

यो प्रश्नको साँचो महत्वलाई बुझ्न हामीले ख्रीष्टको क्रुसलाई अलग प्रकाशमा ल्याउनुपर्छ, त्यो प्रकाश एकदम पवित्र र स्वतन्त्र छ । के तपाईं यो प्रकाशमा प्रवेश गर्नुहुन्छ ?

## ६. हामीसंग एउटा व्यवस्था छ

इस्राएलको धर्मगुरुहरुसंग कुरा गर्नुहुँदा परमेश्वरले यसो भन्नुभएको छ:

> ***"तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो।"***
> ***- यूहन्ना ८:४४***

इस्राएलको धर्मगुरुले जब येशुसंग कुरा गर्दै थिए तब तिनीहरु शैतानको शब्दहरु बोल्दै थिए किनभने येशुले तिनीहरुको पिता शैतान हो भन्नुभएको थियो र तिनीहरुले आफ्नो पिता शैतानले भनेको कुराहरु पालन गर्छन। यी यहुदी धर्मगुरुहरुको बोलिवचनले शैतानको मानसिकता र न्यायलाई लिएर मानिसको मानसिकतालाई दर्शाउछ।

> ***"यहूदीहरूले उनलाई जवाफ दिए, "हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ।"***
> ***- यूहन्ना १९:७***

> ***"तर तिनीहरूमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरूलाई भने, "तिमीहरू केही पनि जान्दैनौ! समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौ।"***
> ***- यूहन्ना ११:४९-५०***

आफ्नो मन-मष्तिस्कमा यी धर्मगुरुहरुले येशुलाई दोषी साबित गरीसकेका थिए । व्यवस्थालाई लिएर तिनीहरुको बुझाई अनुसार येशु मृत्युको योग्य हुनुहुन्थ्यो । निकोदेमसले आफ्नो साथिहरुलाई यो प्रश्न सोध्छन्:

> ***"के हाम्रो व्यवस्थाले पहिले मानिसको सुनुवाइ नभई, र त्यसले के गरेको छ सो नजानिकन त्यसलाई दोषी ठहराउँछ र?"***
> ***- यूहन्ना ७:५१***

यदी रोमीहरुले आफ्नो देशमा कब्जा नगरेको भए, यी यहुदी धर्मगुरुहरुले येशुलाई धेरै अगाडी मारीसक्थे ।

> ***"पिलातसले तिनीहरूलाई भने, "तिमीहरू यिनलाई लैजाओ, र तिमीहरूको आफ्नै व्यवस्थाबमोजिम यिनको इन्साफ गर ।" यहूदीहरूले उनलाई भने, "कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन ।"***
> ***- यूहन्ना १८:३१***

मोशाको व्यवस्थालाई यी यहुदी धर्मगुरुहरुले व्यवस्था भंग गर्नेहरुलाई मृत्युदण्ड दिनको लागि प्रयोग गर्ने गर्थे । व्यवस्थामा ढुंगाले हान्ने सजाय लेखिएको छ । तर येशुले मोशाको व्यवस्थालाई अलग प्रकारमा व्याख्या गर्नुभयो ।

> ***"शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई ल्याए, र त्यसलाई माझमा उभ्याए । तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्राउ परी । व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन् । तपाईं यसको बारेमा के भन्नुहुन्छ ?" तर तिनीहरूले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए । येशूले निहुरेर भूइँमा औँलाले लेख्नुभयो । तर जब तिनीहरूले***

*उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमा जो पापरहित छ, त्यसैले यस स्त्रीलाई पहिले ढुङ्गा हानोस् ।" अनि फेरि निहुरेर उहाँले भूइँमा औँलाले लेख्नुभयो । तर जब तिनीहरूले यो सुने, तब ठूलादेखि सुरु गरी सानासम्म एक-एक गरेर गए, र येशू त्यस स्त्रीसँग एक्लै छोडिनुभयो, अनि त्यो स्त्रीचाहिँ उहाँको अगि उभिरही । येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "ए नारी, तिनीहरू कहाँ गए ? के कसैले तिमीलाई दण्ड दिएन ?" त्यसले भनी, "प्रभु, कसैले दिएन ।" येशूले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्नँ। जाऊ, अनि फेरि पाप नगर ।"*

*- यूहन्ना ८:३-११*

यहुदी धर्मगुरुहरुले एक महिला र पुरुषलाई व्यभिचारमा पक्रिन्छन । व्यवस्थालाई लिएर तिनीहरुको बुझाई अनुसार ति महिलालाई ढुंगाले हानेर मृत्युदण्ड दिनुपर्ने थियो । येशुले जमिनमा केहि लेख्नुहुन्छ । उहाँले लेख्नुहुन्छ कि जो मानिस पापरहित छ, उसले पहिला ढुंगा हानोस् भनेर लेख्नुहुन्छ । यी शब्दहरु पढ्दा तिनीहरु आफै दोषी साबित भएका थिए । आफ्नो पापबाट क्षमा माग्नुको सट्टा तिनीहरु आफैलाई दोषी ठहराउदैं उहाँको उपस्थितिबाट भागेर जान्छन । उहाँले ति महिलालाई उसको पापको लागि क्षमा गरीदिनुहुन्छ र उसलाई पाप नगर भनेर आज्ञा गर्नुहुन्छ । यो कुराले यी महिलाको मनमा शान्ति ल्याउँछ र यी महिला आफ्नो मुक्तिदाताप्रति आभारी हुन्छिन । जुन व्यवस्थालाई फारिसीहरुले अरुलाई मृत्युदण्ड दिन प्रयोग गर्थे, येशुले अरुलाई बचाउन प्रयोग गर्नुभयो ।

परमेश्वरको न्याय र शैतानको न्यायमा यही नै भिन्नता छ । धेरै मानिसहरुले यो बिश्वाश गर्छन कि परमेश्वरको न्यायले मृत्युको माग गर्दछ । यिनीहरु यो कुरामा विश्वास गर्छन कि अनुग्रह र न्याय एक अर्काको विपरित छन् र जब

परमेश्वरको अनुग्रह आफ्नो बिन्दुमा पुग्छ तब उहाँको न्यायरुपी हातले दोषीलाई सजाय दिन्छ ।

आउनुहोस्, यस विषयमा बाइबलमा लेखिएको पदहरु हामी हेरौं:

> ***"धार्मिकता र न्याय तपाईंको सिंहासनका जग हुन्, प्रेम र विश्वस्तता तपाईंको अगि जान्छन् ।"***
> ***- भजनसंग्रह ८९:१४***

यी कुराहरु हेर्नुहोस्, तब तपाईंले थाहा पाउनुहुन्छ कि परमेश्वरको न्यायको मुख्य उद्देश्य भनेको नै अनुग्रह देखाउनु हो । न्यायको अर्थ भनेको सही काम गर्नु हो र परमेश्वरको लागि सही काम गर्नु भनेको सत्यताको प्रकाशमा अनुग्रह देखाउनु हो ।

> ***"किनभने परमप्रभु भला हुनुहुन्छ, र उहाँको करुणा सदाकाल रहन्छ । उहाँको विश्वसनीयता पुस्तादेखि पुस्तासम्म रही नै रहन्छ ।"***
> ***- भजनसंग्रह १००:५***

> ***"परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँ भलो हुनुहुन्छ, उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।***
> ***देवताहरूका परमेश्‍वरलाई धन्यवाद देओ, उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।***
> ***प्रभुहरूका परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।***
> ***उहाँले मात्र आश्‍चर्य कामहरू गर्नुहुन्छ: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।***
> ***उहाँले आफ्नो समझशक्तिले स्वर्ग सृष्टि गर्नुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।"***
> ***- भजनसंग्रह १३६:१-५***

परमेश्वरको दृष्टिकोणमा, उहाँको अनुग्रह असिमित छ तर जसले उहाँलाई इन्कार गरेकाछन्, तिनको लागि कोहि पनि भगवान यति दयालु छैन र तिनीहरु आफ्नो पापको सजाय पर्खेर बसेकाछन् र परमेश्वरले तिनीहरुलाई उनीहरुको विचारधारामा छोडी दिनुहुन्छ ।

> ***"परमप्रभु त उहाँकै न्यायद्वारा चिनिनुहुन्छ । दुष्टहरूचाहिँ आफ्नै हातका कामको जालमा फसेका छन् ।"***
> ***- भजनसंग्रह ९:१६***

पापीहरुको लागि परमेश्वरको न्याय कस्तो छ ? उहाँले तिनीहरुलाई तिनीहरुको आफ्नो निर्णयको प्रतिफलमा छाडीदिनु हुन्छ । उहाँले यो कुरा हुनबाट प्रतिबन्ध लगाउनु हुन्न । के यो सही कुरा हो त ? यदी तिनीहरुले दयाको लागि पुकार गरे भने परमेश्वरले तिनीहरुको पुकार सुन्नुहुन्छ र तिनीहरुको हालतबाट तिनीहरुलाई अघि बढ्ने शक्ति दिनुहुन्छ तर यदी तिनीहरुले दयाको आशा राखेका छैनन् भने तिनीहरुले पाउनेछैनन् किनभने तिनीहरुले त्यसको लागि पुकार नै गरेका हुदैनन् । दुखलाग्दो कुरा यो हो कि अधिकाँश मानिसहरुले यो सोच्छन कि परमेश्वर तिनीहरुजस्तो हुनुहुन्छ । तिनीहरुले यो सोच्छन कि परमेश्वरको न्यायी चरित्र तिनीहरुसंग मिल्छ ।

> ***"तैंले यी सब काम गरेको छस्, र म चूप लागें, तैंले सोचिस् म सर्वथा तँजस्तै छु। तर म तँलाई हप्काउनेछु,"***
> ***- भजनसंग्रह ५०:२१***

यदी परमेश्वरको न्यायले मृत्युको माग गरेको भए, परमेश्वर मृत्युको सृजनकर्ता बन्नुहुन्थ्यो । यदी आफ्नो सृष्टिले आफ्नो आज्ञा भंग गरेको खण्डमा उहाँले तिनीहरुको प्राण लिनुभएको भए मृत्युको शिद्धांतले उहाँमा बास गर्थ्यो । तर जब हामी येशुमा प्रकट गरिएको उहाँको पिताको प्रतिबिम्ब हेर्छौं

तब हामी, उहाँमा प्रेम र जीवनले वास गरेको मात्र हामी पाउँछौ । मृत्युले उहाँमा वास गरेको हामी पाउदैनौं ।

> *"येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ ।"*
> *- यूहन्ना ११:२५*

> ***"जीवनको त्यस वचनको विषयमा, जो सुरुदेखि थियो, जो हामीले सुनेका छौं, जो हाम्रै आँखाले हामीले देखेका छौं, जो हामीले हेऱ्यौं र हाम्रा हातले छोयौं, त्यो जीवन प्रकट भयो, र हामीले देख्यौं, र हामी गवाही दिन्छौं, र तिमीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौं, जो पितासँग थियो, र हामीकहाँ प्रकट भयो ।"***
> ***- १ यूहन्ना १:१, २***

पापको सजाय मृत्यु भनेर परमेश्वरले सृष्टि गर्नु भएन । पाप आफैमा आत्मनासी छ । पापको ज्याला मृत्यु हो । पापमा फस्दा हामीले मृत्युलाई कमाउछौं । पापको ज्याला परमेश्वरले दिनुहुन्न तर पाप आफैंले दिन्छ । बाइबलमा पापको लागि ज्याला मृत्यु भनेर लेखेको छैन तर पापको ज्याला भनेर लेखिएको छ, यी दुई कुराहरु फरक हुन् ।

बाइबलले पुरानो करारमा भएको कथाहरुद्वारा यस संसारमा पापको प्रवेश कसरी भयो देखाउँछ ।

> ***"अघिअघि लेखिएका कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र-शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं ।"***
> ***- रोमी १५:४***

पापको लागि ज्याला मृत्यु भन्ने कुरालाई शैतानले अगाडी लिएर आएको हो । दानिएल र सिंहको खोर भन्ने कथाद्वारा मृत्युदण्डको विधीलाई हामी राम्ररी बुझ्न सक्छौं ।

> *"सम्पूर्ण राज्यको शासन गर्नलाई एक सय बीस जना प्रान्तका बड़ाहाकिमहरू नियुक्त गर्न दारालाई मन लाग्यो । तीमाथि तीन जना अध्यक्ष नियुक्त गरिए, जसमध्ये दानिएल एक थिए । राजाको काममा हानि नहोस् भनेर ती प्रान्तका बड़ा हाकिमहरू उनीहरूप्रति उत्तरदायी गराइए । अब दानिएलले असाधारण गुणहरूद्वारा आफैलाई ती अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे । तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाहीहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए । उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै थिए । अन्तमा ती मानिसहरूले भने, "हामीले यस दानिएलको विरुद्धमा अभियोगको लागि, उसका परमेश्वरको व्यवस्थासम्बन्धमा बाहेक, कुनै पनि आधार कहिल्यै पाउन सक्नेछैनौं ।" यसकारण अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरू एउटा समूह भई राजाकहाँ गएर भने, "हे महाराजा दारा, अमर रहून् ! राजकीय अध्यक्षहरू, प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र सल्लाहकारहरू, सबैले यो मन्जूर गरेका छन्, कि राजाले एउटा आदेश निकाल्नुपर्छ र त्यस आदेशलाई लागू गर्नुपर्छ, जसअनुसार आगामी तीस दिनसम्म हजूरबाहेक कुनै देवता वा मानिसलाई कसैले प्रार्थना गरे भने, हे महाराजा त्यस्ता व्यक्ति*

*सिंहको खोरमा फालिनेछन् ।"*
*- दानिएल ६:१-७*

यो कथालाई हाम्रो बुझाईको निम्ति लेखिएको हो । यहाँ दारालाई पिता र दानिएललाई ख्रीष्टको रुपमा बुझ्न सक्छौं । राजा पछीको ठुलो पदमा दानिएल थियो । यस कुराले दानिएल भन्दा तल्लो ओहोदाका भारदारहरुमा ईर्ष्याको भावनालाई उत्पन्न गरायो । ईर्ष्याको कारण ति भारदारहरु दानिएलको विरुद्ध षदयन्त्र रचे र दानिएलको विरुद्ध मृत्युदण्डको सजाय तोके । राजाले यो योजना बनाएको हैन तर यसको प्रतिफल जाने बिना नै उसले यो उर्दीमा छाप लगाए । आफुभन्दा उच्च ओहोदामा बस्नुहुने ख्रीष्टको विरुद्धमा शैतानले रचेको योजनालाई परमेश्वरले जान्नुहुन्थ्यो । परमेश्वरको पुत्रलाई देखेर शैतान एकदम डाही थियो र ख्रीष्टलाई पदाच्युत गर्न शैतानले धेरै स्वर्गदूतहरुलाई आफ्नो पक्षमा पारेको थियो । जब आफ्नो जालमा शैतानले मानव जातिलाई फसायो तब परमेश्वरले शैतानलाई आफ्नो योजना लागु गर्न दिनुभयो जसले भविष्यमा ख्रीष्टको मृत्युमा लैजान्थ्यो । अधिकांश मानिसहरु यो सोच्छन कि राजाको मागलाई पुरा गर्न ख्रीष्टको मृत्यु भएको हो तर ख्रीष्टलाई नष्ट गर्न शैतानको योजनालाई प्रकट गर्न ख्रीष्टको मृत्यु भएको हो ।

जुन क्षणलाई शैतानले आफ्नो महान विजयको क्षण भनेर सोचेको थियो, त्यही क्षण उसको यो डरलाग्दो हत्यारुपी योजनाको भण्डाफोर भयो र स्वर्गमा उसको लागि जति पनि दया थियो, त्यो समाप्त भयो ।

*"दानिएललाई झूटो आरोप लगाउने मानिसहरू राजाको हुकुममा भित्र ल्याइए र श्रीमती र नानीहरूसमेत उनीहरू सिंहको खोरमा फ्याँकिए। अनि उनीहरू खोरको भूइँमा नपुग्दै सिंहहरूले उनीहरूमाथि झम्टेर उनीहरूका हड्डीहरूसमेत कऱ्याककुरुक पारेर*

*खाए।"*
*- दानिएल ६:२४*

ति षड्यन्त्रकारीहरु जसले दानिएलको विरुद्ध षडयन्त्र रचेका थिए, तिनीहरुले त्यही नतिजा पाए जुन तिनीहरुले दानिएलको विरुद्धमा रचेका थिए। स्वर्गमा बस्नुहुने हाम्रो पिताले शैतानलाई त्यही प्रतिफल दिनुहुन्छ जुन प्रतिफल त्यसले येशुको लागि राखेको थियो। जसरी दानिएल सिहंको खोरमा बसेर अर्को दिन निस्केका थिए, त्यसरी नै येशु पनि क्रुसरुपी सिंहको खोरमा पर्नुभएको थियो र पछी विजयी भएर आउनुभयो।

यो कथाको भन्नुको एउटा महत्वपूर्ण कारण यो हो कि परमेश्वरको पुत्रको तल रहने मानिसहरुले ति मानिसहरुको विरुद्धमा मृत्युदण्डको उर्दी निकाले जसले उहाँको आदर गर्दैनन्। परमेश्वरले यो योजना बनाउनु भएको हैन तर उहाँले यो योजनालाई अघि बढ्न दिनुभयो किनभने उहाँ चाहनुहुन्थ्यो कि मानिसहरुले शैतानको योजनालाई प्रष्ट रुपमा देख्न सकुन्। बेबिलोन साम्राज्यको राज्यपालहरुको कर्तव्य भनेको राजाको तर्फबाट न्याय प्रदान गर्नु थियो। तिनीहरु राजाको प्रतिनिधि थिए। तर तिनीहरुको दुष्ट योजनाले तिनीहरुलाई नै नाश गर्यो।

पुरानो करारमा भएको अर्को एउटा कथामा हामी राजाले गर्ने न्याय र उसको छोराले गर्ने न्यायमा भिन्नता देखाएको छ।

***"तिनी बिहान सबेरै उठेर सहरको मूल ढोकातिर जाने बाटोनेर उभिने गर्थे। अनि कुनै मानिस राजाकहाँ इन्साफ माग्न आउँदा अब्शालोमले त्यस मानिसलाई बोलाएर कुन सहरबाट आएको हो भनी सोध्थे। "हजूर, म इस्राएलको फलानो कुलको हुँ," भनी जब तिनले जवाफ पाउँथे, तब अब्शालोमले त्यसलाई भन्थे, "तिम्रो मुद्दा त ठीकै रहेछ, तर तिम्रो मुद्दा सुन्ने राजाको कुनै प्रतिनिधि नै छैन***

*।" अनि अब्शालोमले अझै यसो पनि भन्थे, "यदि म यस देशमा न्यायाधीश नियुक्त भएको भए यस्तो मुद्दा ल्याउने हरेक मानिसको ठीक इन्साफ गरिदिने मेरो कर्तव्य हुनेथियो ।" जब कुनै मानिस तिनलाई साष्टाङ्ग-दण्डवत् गर्नलाई आउँथ्यो, तब अब्शालोमले आफ्नो हात पसारेर त्यसलाई समाती अँगालो हालेर म्वाइँ खान्थे । राजाकहाँ इन्साफ माग्ने हरेकसँग यस्तै व्यवहार गरेर अब्शालोमले इस्राएलीहरूको प्यार आफूतिर खिँचे ।"*

*- २ शमुएल १५:२-६*

अब्शालोमको अर्थ "शान्तिको पिता" हो तर यो नामभित्र लडाई र ईर्ष्याको चरित्र लुकेको थियो । आफ्नो बहिनी तामारलाई शाररिक शोषण गर्ने आफ्नो सौतेला भाई अमनोनलाई आफ्नो पिताले सजाय दिएको ऊ हेर्न चाहन्थ्यो तर जब उसले सोचेको जस्तो भएन तब उसले आफ्नो पितालाई घृणा गर्न थाल्यो र आफ्नो पितालाई राजगद्दीबाट हटाउने निश्चय गर्यो । उसले यो कुरालाई आफ्नो हातमा लियो र उसलाई ठिक लागेको झैँ अमनोनलाई मृत्युदण्ड दियो । तब उ इस्राएलको प्रजाहरुको मन जित्ने अठोट बनायो ।

*"तर अब्शालोमले फेरि जिद्दी गरे । यसैले दाऊदले अमनोन र अरू सबै राजकुमारहरूलाई तिनीसित जान दिए । अब्शालोमले आफ्ना मानिसहरूलाई यस्तो आज्ञा दिए, "मौका हेरिबस, अनि जब अमनोन मातेर मस्त भएका हुन्छन् र म 'अमनोनलाई मार् !' भन्नेछु, तब तिमीहरूले उनलाई मार्नू । डराउने केही काम छैन । यो मेरो हुकुम हो । हिम्मत गरी दृढ बस ।" अनि अब्शालोमका मानिसहरूले तिनले भनेझैँ गरे । तब सबै राजकुमारहरू हतार-हतार आ-आफ्नो खच्चरमा चढ़ेर घरतिर लागे ।"*

*- २ शमुएल १३:२७-२९*

लुसिफर, जो पछी गएर शैतान बन्यो, उ परमेश्वरको पुत्र उचालिएको देख्दा खुशी थिएन । उसलाई लाग्यो कि उसँग अन्याय भईरहेको छ र परमेश्वरको पुत्रलाई हटाउने निर्णय गर्यो । जब राजाले हस्तक्षप गरे र आफ्नो न्याय सुनाए तब लुसिफरले आफ्नो योजनामा कार्यन्वयन गर्ने अठोट लिए । यो योजनामा उसले धेरै स्वर्गदूतलाई आफ्नो पक्षमा पार्यो ।

> ***"अनि अब्शालोमले अझै यसो पनि भन्थे, "यदि म यस देशमा न्यायाधीश नियुक्त भएको भए यस्तो मुद्दा ल्याउने हरेक मानिसको ठीक इन्साफ गरिदिने मेरो कर्तव्य हुनेथियो ।"***
> ***- २ शमुएल १५:४***

अब्शालोमले यो दावा गरे कि राजाले आफ्नो प्रजाको न्याय राम्रोसंग गरेको छैनन् तर उसको यो दावा एकदम गलत थियो । हामीले शमुएलको पुस्तकमा यो पढेको छौं ।

> ***"दाऊदले सारा इस्राएलमाथि राज्य गरे, र आफ्ना सबै प्रजाका निम्ति जे-जति ठीक थियो, त्यही गरे ।"***
> ***- २ शमुएल ८:१५***

दाउदले आफ्नो प्रजालाई न्याय गर्थे तर यो न्याय अब्शालोमले सोचेको जस्तो थिएन । दाउदले आफ्नो प्रजामाथि अनुग्रह देखाउथे किनभने परमेश्वरले उमाथि अनुग्रह देखाउनुभएको थियो र उसको राज्यको स्थापना गर्नुभएको थियो ।

> ***"यसले नै मेरो नाउँको निम्ति एउटा भवन बनाउनेछ, र म त्यसको राजकीय सिंहासन सधैँको निम्ति स्थिर गर्नेछु । म त्यसका पिता हुनेछु, र त्यो मेरो छोरो हुनेछ । त्यसले अधर्म गर्‍यो भने, मानिसको लट्ठीले म त्यसलाई सजाय दिनेछु, र मानिसहरूद्वारा त्यसलाई कोर्राबाजीको प्रहार गर्नेछु । तर मैले मेरो प्रेम शाऊलबाट हटाएझैँ,***

*जसलाई मैले तेरो बाटोदेखि पन्छाएँ, म मेरो प्रेम त्यसदेखि कहिल्यै हटाउनेछैनँ । तेरो घराना र तेरो राज्य मेरो सामुन्ने सधैँभरि रहिरहनेछ, र तेरो सिंहासन सदासर्वदाको लागि स्थिर हुनेछ' ।"*
*- २ शमुएल ७:१३-१६*

अनुग्रह देखाउने न्यायको आधारमा बसालिएको राज्यलाई अब्शालोम चाहदैन थियो । बिना अनुग्रह सजाय दिने न्याय व्यवस्था उ चाहन्थ्यो । यो कथाले स्वर्गमा भएको लडाईलाई देखाउँछ । शैतानले बाकि स्वर्गदुतहरुलाई यो विश्वास दिलायो कि राज्यलाई कायम गर्न उसको न्यायिक व्यवस्था एकदम महत्वपूर्ण छ । त्यसरी नै अब्शालोमले आफ्नो राज्यको मानिसहरुलाई यो विश्वास दिलायो कि उसको धारणा र विश्वासले राज्यलाई अधि बढाउँछ र यसरी उसले धेरै मानिसहरुको मन जित्यो । शैतानले धेरै स्वर्गदुतहरुको मन जितेको थियो तर कयौं स्वर्गदुतहरु शैतानको यो योजनाप्रति एकदम उत्सुक थिए र ध्यानसंग हेर्दै थिए ।

*"उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुलीझैँ खसिरहेको देखें ।"*
*- लुका १०:१८*

*"त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो । बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो । त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई । त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो ।"*
*- प्रकाश १२:४, ५*

शैतानले आफुसंग एकतिहाई स्वर्गदुतलाई लागेको थियो । उसले यस पृथ्वीमा भएको मण्डलीमा आक्रमण गर्यो र परमेश्वरको पुत्रलाई नाश गर्न खोज्यो ।

> *"अनि स्वर्गमा लड़ाइँ भयो । मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे । अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन । त्यो ठूलो अजिङ्गर तल फालियो - त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो । त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए । तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ । किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ ।"*
>
> *- प्रकाश १२:७-१०*

शैतान र उसको दुत अनि ख्रीष्ट र उहाँको दुतहरुको बीचमा लडाई भएको थियो । एक तिहाई स्वर्गदुतहरुले लुसिफरको पछी लागेका थिए र तिनीहरुले स्वर्ग छाडे ।

> *"आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ,"*
>
> *- यहूदा १:६*

यो कुरा सत्य हो कि परमेश्वरले तिनीहरुलाई स्वर्गबाट निकाल्नुभएको थियो तर यदी हामीले यो कुरालाई गहन रुपमा हेर्यौं भने थाहा पाउछौं कि

तिनीहरुको पत्न तिनीहरुको आफ्नो गल्तीले भएको थियो । तिनीहरुले यो सोचे कि परमेश्वर एकदम क्रुर र निर्दयी हुनुहुन्छ र तिनीहरु उनीहरुले नै बनाएको परमेश्वरको गलत छबीबाट भागेका थिए ।

शैतानले आफ्नो राज्य बसाल्न खोजेको थियो जसको सिंहासन छुट्टै प्रकारको न्यायिक व्यवस्थामा बसालिएको हुन्छ । परमेश्वरको सबै सृष्टिमाथि शैतान राज गर्न चाहन्थ्यो ।

> ***"तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु । पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु । म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु ।"***
> ***- यशैया १४:१३-१४***

अब्शालोमको कथाद्वारा हामी यो कुरा थाहा पाउछौं कि सारा राज्य उसको विचारधाराद्वारा प्रभावित भएको थियो । पृथ्वीको प्रतिनिधिको रुपमा शैतान स्वर्गमा जान सकेको थियो, यो कुरालाई धेरै मानिसहरु बुझ्न सक्दैनन् । यो कुरा यति जटिलताले भरिपूर्ण छ कि यो कुरालाई स्वर्गदुतहरुले पनि पूर्ण रुपमा बुझ्न सकेका थिएनन् ।

> ***"एकदिन स्वर्गीयदूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो । परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस् ?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ ।"***
> ***- अय्युब १:६-७***

स्वर्गीय दरवारमा शैतानको उपस्थितिलाई हामी यो कुरासंग दाँज्न सक्छौं कि जब अब्शालोमले आफ्नो पिताको उपपत्नीहरुसंग संबन्ध गास्न खोजेको थियो र राजकीय वंशलाई बद्नाम गर्न खोजेको थियो ।

> ***"अहीतोपेलले जवाफ दिए, "तपाईंका पिताले महलको जिम्मेवारीमा छोड़िगएका तपाईंका पिताका उपपत्नीहरूसित सहवास गर्नुहोस् । तब तपाईंले आफ्ना पिताको नाक काटिदिएको काम सबै इस्राएलले सुन्नेछन्, र तपाईंको पछि लाग्नेहरूको हात अझै बलियो हुनेछ ।" यसैले तिनीहरूले कौसीमा अब्शालोमको निम्ति एउटा पाल टाँगिदिए, र सबै इस्राएलले देख्ने गरी तिनी आफ्ना बुबाका उपपत्नीहरूसित सुते ।"***
>
> ***- २ शमुएल १६:२१-२२***

शैतानको शब्दहरुले मानव मष्तिस्कमा बिजको रुपमा काम गर्छन र सारा संसारमा नराम्रो प्रभाव पार्न सक्छ । जबसम्म आदमको हृदयमा रोपेको बिजले ख्रीष्टको मृत्युमा आफ्नो रुप देखाएन तबसम्म मानिसहरुले शैतानको योजनालाई प्रष्ट रुपमा देख्नसकेका थिएन् । यसले गर्दा शैतानले आफ्नो चरित्र परमेश्वरमा देखाउन सकेको थियो । जबसम्म शैतानले आफ्नो असली रुप लुकाउन सक्थ्यो तबसम्म उसले मानिसहरुलाई परमेश्वरको झुठो रुप देखाएर फसाउन सक्थ्यो । उसँग यो गर्ने शक्ति छ किनभने उ एक स्वर्गदुत थियो र परमेश्वरप्रति आफ्नो ज्ञानमा विश्वास थियो ।

> ***"के दुष्ट शासकहरू तपाईंसँग मिल्न सक्छन्, जसले आफ्ना ऐनद्वारा विपद् ल्याउँछन् ?"***
>
> ***- भजनसंग्रह ९४:२०***

अन्यायको सिंहासनमा बसेको शैतानले परमेश्वरको व्यवस्थालाई अरुमाथि मृत्युदण्डको सजाय दिन प्रयोग गर्यो । दानिएल र सिंहको खोरको कथाले यो

कुरालाई प्रकट गरेको छ । अब्शालोमको कथाले यो कुरा देखाउँछ कि न्यायको व्यवस्थाले राज्यमा धेरैको मनलाई छोएको थियो । यो सबै कथाले स्वर्गमा भएको लडाईलाई देखाउँछ र कसरी त्यो लडाई स्वर्गबाट सुरु भएर पृथ्वीमा पनि चलेको थियो । यो कुरा अहिलेसम्म समाप्त भएको छैन ।

जब ख्रीष्टको मृत्यु भयो तब शैतानको असली उद्देश्य प्रकट भएको थियो । ख्रीष्टले सारा संसारलाई परमेश्वरको वास्तविक प्रेमिलो चरित्रलाई प्रकाशमा ल्याउनु भएको थियो । ख्रीष्टले यो देखाउनुभयो कि परमेश्वरले आफ्नो शत्रुलाई प्रेम गर्नुहुन्छ । उहाँले आफ्नो अर्को गाला फर्काउनु हुन्थ्यो र कुनै पनि प्रतिकार बिना त्यो भयानक मृत्युलाई स्वीकार गर्नुभयो । यस संसारमा ख्रीष्टप्रति गरिएको व्यवहारद्वारा शैतानको साँचो चरित्रको उजागर भएको थियो । ख्रीष्टमा प्रकट भएको परमेश्वरको चरित्र, शैतानले देखाएको परमेश्वरको चरित्र एकदम अलग र भिन्न थियो । आफ्नो मृत्युद्वारा ख्रीष्टले मृत्युले राज गरेको राज्यमाथि विजयी प्राप्त गर्नुभयो ।

> ***"किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्,"***
> ***- हिब्रु २:१४***

शैतानको न्यायप्रतिको विचारधाराद्वारा यहुदी धर्मगुरुहरु प्रभावित भएका थिए । त्यसैले उनीहरुले ख्रीष्टलाई मार्ने योजना बनाए । ख्रीष्टले उनीहरुलाई मार्न खोज्नु भएन र उनीहरुलाई मार्ने धम्की दिनु भएन ।

> ***"तब प्रधान पूजाहारीले उठेर उहाँलाई भने, "के तँ केही जवाफ दिँदैनस् ? यी मानिसहरूले तेरो विरुद्धमा दिएको गवाही के हो ?" तर येशू चूप रहनुभयो । प्रधान पूजाहारीले उहाँलाई भने, "जीवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ***

*परमेश्वरको पुत्र ख्रीष्ट होस्?" येशूले तिनलाई भन्नुभयो, "तपाईंले नै भनिहाल्नुभयो । तापनि म तपाईंहरूलाई भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्‌को दाहिने हातपट्टि बसेको, र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ ।" तब प्रधान पूजाहारीले आफ्ना वस्त्र च्याते र भने, "यसले त ईश्वर-निन्दा बोल्यो । हामीलाई अब अरू साक्षीहरूको के दरकार पर्‍यो र ? तपाईंहरूले अहिले यसले बोलेको ईश्वर-निन्दा सुनिहाल्नुभयो । तपाईंहरूको के राय छ ?" तिनीहरूले जवाफ दिए, "यो प्राणदण्डको योग्य छ ।"*
*- मत्ती २६:६२-६६*

जब येशुले धर्मगुरुहरुलाई उहाँको महिमित आगमनको बारेमा भन्नुभयो र उहाँले भन्नुभयो कि उनीहरुले उहाँलाई देख्नेछन तर उनीहरुले त उहाँलाई मृत्युदण्डको सजाय सुनाए । कुरा ठिक यसको विपरित छ । यस कुराको प्रमाण खोज्नेहरुको निम्ति पर्याप्त प्रमाण छ । परमेश्वरको न्यायले मृत्युको माग गर्दैन तर शैतानको व्यवस्थाले माग गर्छ । परमेश्वरले आफ्नो पुत्रलाई हाम्रो निम्ति बलिदान हुन् दिनु भयो ताकी हामिले शैतानको डाह र उसको राज्यको न्याय व्यवस्थालाई स्पष्ट रुपमा हेर्न सकौं ।

यो बुझाईसंग क्रुसको अर्थ नै परिवर्तन हुन्छ । न्यायलाई पुरा गर्न परमेश्वरले ख्रीष्टको मृत्यु माग गर्नुभएको हैन । तैपनि मानिसहरुले भन्छन कि उनीहरुसंग व्यवस्था छ ।

*"तर मेरा अङ्गहरूमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछ, र मेरा अङ्गहरूमा वास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ । हाय, म कस्तो दुःखी मानिस ! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला ?"*
*- रोमी ७:२३-२४*

मृत्युको यो व्यवस्थाबाट के तपाइँ स्वतन्त्र हुनुहुन्छ ? व्यवस्था भंग गर्दा मृत्युको सजाय माग गर्ने व्यवस्थाबाट तपाई स्वतन्त्र हुनुहुन्छ ? क्रुसमा बलिदान हुनुभएको ख्रीष्टलाई हेर्नुहोस र हाम्रो निम्ति उहाँले तिर्नुभएको मोललाई बुझ्ने कोशिस गर्नुहोस् । शैतानको व्यवस्था क्रुसमा शान्त भएको थियो किनभने उसले परमेश्वरको सन्तानको मन चोरेको थियो र फिरौतीमा केहि माग गरेको थियो  र हामीले यो कुरा विश्वास गर्यौं कि हामीले फिरौती तिरेपछी मात्र हामिले छुटकारा पाउन सक्छौं । परमेश्वरले फिरौती तोक्नुभएको हैन तर शैतानले हो ।

## ७. जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले

शैतानको न्यायिक व्यवस्थालाई पुरा गर्न येशु क्रुसमा बलिदान हुनुभयो ताकी परमेश्वरले मानव जातिलाई माफ गर्न सक्नुहुन्छ भन्ने मानचित्रलाई ध्यानमा राख्दै हामी खाम्बामा झुन्डेको सर्पको विषयमा येशुले भन्नुभएको कुरालाई नियालेर हेरौं ।

*"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ"*
*- यूहन्ना ३:१४*

धर्मशास्त्र अध्ययन गर्ने धेरै विद्यार्थीहरुको लागि पनि येशु र मोशाले उचालेको सर्पको बीचमा भएको तुलना बुझ्न अलि गाह्रो हुन्छ । यी दुई कुराहरु कसरी एक आपसमा जोडिएको छ ?

*"तिनीहरू एदोम देशलाई फेरो मारेर जान भनी होर पर्वतबाट लाल समुद्रको बाटो भएर गए । तर यात्राको कारण मानिसहरू साह्रै अधीर बने । तब तिनीहरूले परमेश्वर र मोशाको विरुद्धमा यसो भन्न लागे, "यस उजाड़-स्थानमा मर्न हामीलाई तपाईंहरूले किन मिश्रदेशबाट ल्याउनुभयो ? यहाँ रोटी छैन, यहाँ पानी पनि छैन । यस तुच्छ खानेकुरादेखि त हामीलाई वाक्कै लागिसक्यो ।" तब परमप्रभुले ती मानिसहरूका बीचमा विषालु सर्पहरू पठाइदिनुभयो, र सर्पले मानिसहरूलाई डसे, र इस्राएलीहरूका धेरै जना मरे । अनि मोशाकहाँ आएर मानिसहरूले भने, "परमप्रभु र तपाईंको विरुद्धमा बोलेर हामीले पाप गरेका छौं । उहाँले हामीबाट यी सर्पहरू हटाइदेऊन् भनी परमप्रभुलाई प्रार्थना गर्नुहोस् ।" तब मोशाले ती मानिसहरूका निम्ति प्रार्थना गरे । मप्रभुले मोशालाई भन्नुभयो, "तैंले विषालु सर्पको एउटा प्रतिमा बनाएर त्यसलाई एउटा खामामा*

> ***झुण्ड्या । सर्पले डसेकाहरूले त्यसलाई हेरेपछि तिनीहरू बाँच्नेछन् ।" तब मोशाले एउटा काँसाको सर्प बनाएर त्यसलाई एउटा खामामा झुण्ड्याए । सर्पले डसेका सबैले काँसाको सर्पलाई हेरेपछि बाँचे ।"***
> ***- गन्ती २१:४-९***

सर्पहरु आउनुको मुख्य कारण यो थियो कि मानिसहरुले आफ्नो गनगनद्वारा आफ्नो सुरक्षित घेरालाई तोडेका थिए ।

> ***"खाड़ल खन्ने मानिस आफै त्यसमा जाकिन सक्छ, र पर्खालि भत्काउने मानिसलाई साँपले डस्न सक्छ ।"***
> ***- उपदेशक १०:८***

जब मानिसहरुले परमेश्वरको आज्ञा पालन गरेर उहाँलाई महिमा दिन्छन तिनीहरुलाई स्वर्गदुतले रक्षा गर्छन । जसले उहाँको आज्ञा तोडी रहन्छन, स्वर्गदुतहरुलाई तिनीहरुलाई रक्षा गर्न अलि गाह्रो हुन्छ ।

> ***"परमेश्वरको भय मान्नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्, र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ ।"***
> ***- भजनसंग्रह ३४:७***

> ***"परमप्रभुको भय बुद्धिको सुरु हो, उहाँका आदेशहरू पालन गर्नेहरूको समझशक्ति ठीक हुन्छ, उहाँको प्रशंसा सधैँभरि रहिरहन्छ ।"***
> ***- भजनसंग्रह १११:१०***

परमेश्वरले सर्पहरुलाई पठाउनु भएको हैन, तर उहाँले ति सर्पहरुलाई आउन दिनुभयो किनभने उहाँको आज्ञा भंग गरेको कारण उहाँको स्वर्गदुतहरुले इस्राएलीहरुलाई सुरक्षा दिन सकेका थिएनन् । तर मानिसहरुले यो सोचे कि ति सर्पहरुलाई परमेश्वरले पठाउनुभएको हो । तिनीहरुले यो सोचेको थिए

कि हरेक पापले सजाय पाउनु नै पर्छ। यसकारण तिनीहरुले यो सोचे कि परमेश्वरले तिनीहरुको पापको लागि तिनीहरुलाई मार्दै हुनुहुन्छ। परमेश्वरले मोशालाई एउटा काँसाको सर्पको प्रतिमा बनाउनु भनेर आदेश दिनुभयो। यो धातु एकदम महत्वपूर्ण छ किनभने यो धातुलाई प्राकृतिक रुपमा यस संसारमा भेट्टाउन सकिन्न। यो धातु परमेश्वरले बनाउनु भएको दुई धातुहरु, **तामा (copper**) र **जस्ता (zinc)** को मिश्रण हो। कयिनको वंशबाट एक जनाले यो काँसालाई बनाएको थिए।

***"सिल्लाले तूबल-कयिनलाई जन्माइन्। उनी सबै किसिमका काँसो र फलामका हतियारहरू बनाउँथे। तूबल-कयिनकी बहिनी नामा थिइन्।"***
***- उत्पति ४:२२***

मानिसद्वारा बनाइएको काँसा परमेश्वरले बनाउनुभएको धातुहरुको मिश्रण हो। कहिले काहीं काँसाको प्रयोग धर्मशास्त्रमा नकरात्मक कुरा देखाउन गरिएको छ। उदाहरणको लागि:

***"अनि तिमीहरूका शिरमाथि भएको आकाश काँसो र तिमीहरूमुनिको धरती फलामजस्तै हुनेछन्।"***
***- व्यवस्था २८:२३***

इस्राएलको पाप र तिनीहरुद्वारा व्यवस्था-भंगलाई सुची बनाइसके पछी, उहाँले भन्नुहुन्छ:

***"ए मानिसको छोरो, इस्राएलको घराना त मेरो दृष्टिमा थिग्रो भएको छ। तिनीहरू सबै भट्टीमा भएका तामा, जस्ता, फलाम र सीसाका थिग्रा भएका छन्।" तिनीहरू चाँदीका थिग्रा मात्र छन्।***
***- इजकिएल २२:१८***

काँसाले बनेको त्यो सर्पले मानिसको हातबाट बनेको सर्पको न्यायलाई देखाउँछ । त्यो सर्पले शैतानलाई देखाउँछ ।

> ***"त्यो ठूलो अजिङ्गर तल फालियो - त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो । त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए ।"***
> ***- प्रकाश १२:९***

जब केहि इस्राएलीहरु सर्पको टोकाईबाट आफ्नो ज्यान गुमाएपछी बाँकी इस्राएलीहरुले पापको फल पाइसके भनेर गनगन गर्न थाल्छन । तिनीहरुले त्यो सर्पलाई तिनीहरुको पापको नाशकर्ता भनेर मान्छन । जो मारीए, तिनीहरु पापको लागि बलि थिए । यो घटनाद्वारा परमेश्वरले तिनीहरुलाई यो देखाउनुभयो कि तिनीहरुको पाप क्षमा हुन सक्छ र तिनीहरु निको हुन सक्छन । तिनीहरुले यो कुरालाई विश्वास गर्न सकेनन् कि न्यायको विषयमा तिनीहरुको विचारधारा शैतानको विचारधारा हो, त्यसकारण परमेश्वरले तिनीहरुको विचारधारा प्रयोग गर्नुभयो र तिनीहरुलाई पश्चताप गराउनुभयो र तिनीहरुलाई निको पार्नुभयो ।

त्यसरी नै ख्रीष्ट पनि उचालिनु र सर्पको न्यायको हातमा पर्नुभयो ताकी हामी क्रुसलाई हेरेर पापक्षमाको अनुभूति गर्न सकौं । परमेश्वरको पुत्रको मृत्युद्वारा मात्र मानिस जातिले यो विश्वास गर्न सकुन कि परमेश्वरले तिनीहरुलाई क्षमा गर्न सक्नुहुन्छ र यो फिरौती रकमले हाम्रो मस्तिष्कलाई छुटकारा दिन्छ ।

हाम्रो यो प्राकृतिक अवस्थामा, हाम्रो पापको प्रायश्चितमा येशुले हाम्रो स्थान लिनुभयो । काँसाको सर्पले पश्चतापलाई देखाउँछ किनभने त्यो हाम्रो छुटकाराको फिरौती हो । यो सर्पको न्यायिक व्यवस्थाको सबुत यो काँसा हो । यो स्वर्गको सृष्टि हैन तर मानिसको सृष्टि हो ।

किन ख्रीष्टलाई हाम्रो पापको लागि मर्न जरुरी थियो भन्ने कुरालाई हामीले यो पाठमा एक नयाँ दृष्टिकोणबाट हेर्ने मौका पाएको छौँ । हाम्रो मुक्तिको लागि आफ्नो पुत्रको बलिदान माग गर्नुभयो भनेर मण्डलीले सिकाउँछ । तर धर्मशास्त्रमा स्पष्ट रुपमा लेखिएको छ:

> ***"बलिदान र भेटी तपाईंले चाहनुभएन, तर मेरा कानहरू तपाईंले खोलिदिनुभएको छ । होमबलि र पापबलिको माग तपाईंले गर्नुभएन ।"***
>
> ***- भजनसंग्रह ४०:६***

परमेश्वरले मृत्युको माग गर्नु भएन तर उहाँलाई यो कुरा थाहा थियो कि मानव जाति एक चोटी शैतानको हातमा परेपछी मानव जातिलाई उहाँले माफ गर्नुहुन्छ भन्ने कुरालाई उहाँले तबसम्म बुझाउन सक्नुहुन्न जबसम्म हाम्रो स्थानमा उहाँको पुत्रको बलिदान हुदैन् ।

यदी परमेश्वरले आफ्नो पुत्रको मृत्युको माग गर्नुभएको भए, परमेश्वरको आरधनामा बलिदानको भेटि सदाको लागि स्थापित हुन्थ्यो । तर यसको ठिक विपरित भएको छ । ख्रीष्टको मृत्युद्वारा बलिदानको विधि अन्त भएको छ ।

> ***"धेरै जनासित एक 'सात' को लागि तिनले एउटा करारको सदर गर्नेछन् । 'सात' को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन् ।"***
>
> ***- दानिएल ९:२७***

ख्रीष्टले बलिदान र भेटिलाई अन्त गर्नुहुनेछ । ख्रीष्ट उचालिनुभएको छ र मानिसहरुलाई आफुतिर खिच्नुभएको छ (यूहन्ना १२:३२) । जब हामीले पश्चताप गरेर पापबाट क्षमा पाउँछौ तब परमेश्वरको आत्मालाई हामी स्वीकार गर्न सक्छौं र हाम्रो मनस्थितिमा परिवर्तन आउँछ । जब हाम्रो

मनस्थितिमा परिवर्तन आउँछ तब हामीले चट्टानलाई हिर्काउनु पर्दैन तर केवल बोलेमात्र पुग्छ ।

> ***"यो लहुरो लिएर तँ र तेरो दाजु हारून गएर समुदायलाई जम्मा गर । तिनीहरूका आँखाकै सामुन्ने यस चट्टानलाई हुकुम गर् र चट्टानबाट पानी निस्कनेछ, र तैंले यस चट्टानबाट तिनीहरूका निम्ति पानी निकाल्नेछस् । यसरी तैंले समुदाय र तिनका गाईबस्तुहरूलाई पानी दिनेछस् ।"***
> ***- गन्ती २०:८***

दुखलाग्दो कुरो, मोशाले परमेश्वरको निर्देशनलाई पालना गरेर चट्टानसंग बोलेनन् । मानिसहरुको गनगनले ऊ रिसाएका थिए र उसले चट्टानलाई हिर्काएर बलिदानको संकेत गरे र न्यायको गलत धारणालाई प्रस्तुत गरे । यसकारण परमेश्वरले मोशालाई स्वर्ग जानु भन्दा अगाडी मर्न दिनुभयो । यो कुरा गलत थियो भनेर मानिसहरुले हेर्न जरुरी थियो । तिनीहरुले यो हेर्न आवश्यक थियो कि परमेश्वर चाहनुहुन्छ कि मानिसहरुले उहाँसंग कुरा गरुन र बिना दण्ड क्षमा मागुन ।

मानिसले यो गल्ति गर्छ कि उसले परमेश्वरको योजनालाई बुझ्न चाहदैन । वास्तवमा हामीलाई ख्रीष्टकहाँ पुर्याउन उहाँले हाम्रो न्यायिक व्यवस्थासंग काम गर्नुहुन्छ । हिर्काइएको चट्टानको कथाद्वारा परमेश्वरले हामीलाई यो कुराको विश्वास गराउन चाहनुहुन्छ कि हामीले क्षमा पाउन सक्छौं र पानीको मुहान येशु ख्रीष्टलाई पाउन सक्छौं ।

> ***"सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए र त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो ।"***
> ***- १ कोरिन्थी १०:४***

> *“विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो । तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं ।”*
> *- गलाती ३:२४-२५*

मोशाको सेवाकाईले हृदय कठोर भएका मानिसहरुलाई परमेश्वरको व्यवस्थामा ध्यानाकर्षण गराउनु हो ताकी उनीहरुले त्यसमा आफ्नो पापी चरित्रलाई देख्न सकुन् ।

> *“तर मृत्यु ल्याउने व्यवस्थाका अक्षरहरू ढुङ्गामा खोपिएका थिए । त्यो व्यवस्था यस्तो महिमामय भएर आयो, कि त्यसको तेजले गर्दा इस्राएलीहरूले मोशाको अनुहार हेर्न सकेनन्, यद्यपि त्यो तेज हराउँदै जाँदैथियो ।”*
> *- २ कोरिन्थी ३:७*

यो कुरा एकदम अच्चमको छ कि मानिसहरुले आफ्नो पापी चरित्रलाई देख्न सक्छन । मानिसहरु आफ्नो पापी चरित्रप्रति अंधा हुन्छन तर मोशाद्वारा दिईएको व्यवस्थाले हामीमा ख्रीष्टको सुसमाचारको कमीलाई देखाउँछ । यो एक आशिषित ऐना हो जसले हाम्रो हालतलाई देखाउँछ । यो ऐना बिना हामीले हाम्रो दुखदायी अवस्थालाई देख्न सक्दैनौं र हामी बचाइन सक्दैनौं ।

> *“किनभने व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए ।”*
> *- यूहन्ना १:१७*

यो कुरालाई ईन्कार गर्न सकिन्न कि यस संसारको जग बसालिए देखि येशुको अनुग्रह उपलब्ध थियो र आज हामीलाई हाम्रो पतित अवस्था जान्न बुझ्न यो व्यवस्थारुपी ऐनाको आवश्यकता छ ।

***"उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो । हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो"***
***- २ तिमोथी १:९***

मानिसको पतनको सुरुवातदेखि लिएर आजको दिनसम्म व्यवस्था र सुसमाचारले मिलेर काम गर्दैछन । परमेश्वरसंग मानिसको सम्बन्धलाई पूर्णस्थापित गर्न यी दुई कुराहरुको महत्वपूर्ण भूमिका छ ।


काँसाको सर्पको यो कथा धेरै कारणहरुले गर्दा एकदम महत्वपूर्ण छ । शैतानले ल्याएको न्यायको व्यवस्था जसलाई मानिसले स्वीकार गरेको छ त्यसको माग पुरा गर्न ख्रीष्ट उचालिनुभयो भनेर यो कथाले प्रकट गर्दछ । हामीले यो कुरा पनि थाहा पाउँछौ कि जब हामी पवित्रस्थान जो इस्राएलको आरधनाको केन्द्र थियो त्यहाँ भएको काँसालाई अध्धयन गर्छौं तब हामी यो कुराको सबुत पाउछौं कि हाम्रो प्रेमिलो पिताले आफ्नो पुत्रको मृत्यु चाहनुभएन तर हामीले विश्वास गरुन भनेर हाम्रो खातिर दिनुभयो ।

***"जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ?"***
***- रोमी ८:३२***

## ८. हे परमेश्वर तपाईले आफ्नो मार्ग पवित्रस्थानबाट प्रकट गर्नुभएको छ

मलाई बाल्यकालदेखि नै बाइबल पूरा पढ्ने रहर थियो । जब म प्रस्थानको पुस्तक पढ्थे तब मलाई त्यो पुस्तक बुझ्न अलि असजिलो भयो । १२ वर्षको बालकको लागि परमेश्वरको पवित्रस्थानको निर्माणको विषयमा दिइएको निर्देशनहरु बुझ्न अलि गाह्रो नै छ । तर हामीले यो कुरा बुझ्न जरुरी छ कि ति निर्देशनहरुमा सुसमाचारलाई बुझ्न सजिलो बनाउने बहुमुल्य सत्यता लुकेको छ । हामीलाई थाह छ कि तस्वीरले हजार शब्दहरु बोल्छन, त्यसकारण यहाँ पवित्रस्थानलाई बुझाउन केहि तस्वीरहरु छन ।






पवित्रस्थानमा भएको सामग्रीहरुमा प्रयोग भएको धातुहरु :

| **सामग्री** | **प्रयोग भएको धातु** | **स्थान** |
|---|---|---|
| बलिको वेदी | काँसा | आँगन |
| हात धुने भाडा | काँसा | आँगन |
| सामदान | सुन | पवित्रस्थान |
| अखमीरी रोटिको टेबुल | सुन | पवित्रस्थान |
| सुगन्धित धुपको वेदी | सुन | पवित्रस्थान |
| करारको सन्दुक | सुन | महापवित्रस्थान |

पवित्रस्थानको भित्तामा प्रयोग भएको फल्याकहरु सुनले बनेका थिए र चाँदीको खोपिल्टोले जोडिएका थिए ।

***"पवित्र वासस्थानको निम्ति बबुल काठका फल्याकहरू ठाड़ो-ठाड़ो बनाउनू । हरेक फल्याकको लमाइ दश हात र चौड़ाइ एक हात***

*आधाको होस् । हरेक फल्याकमा दुई-दुई वटा चोसाहरू एकअर्कोको सामुन्ने राखिएका होऊन् । पवित्र वासस्थानका सबै फल्याकहरू तैंले यसरी नै बनाउनू । पवित्र वासस्थानको दक्षिण भागको निम्ति बीस वटा फल्याक बनाउनू । ती बीसै वटा फल्याकहरूका मुन्तिर चाँदीका चालीस वटा आधार बनाउनू - दुई आधारहरू एक फल्याकको मुन्तिर र हरेक चोसोमुनि एउटा ।*
*फल्याकहरू सुनले मोहोर्नू । बारहरू पक्रनका निम्ति सुनका मुन्द्राहरू बनाउनू । बारहरू पनि सुनले मोहोर्नू ।"*
*- प्रस्थान २६:१५-१९, २९*

पवित्रस्थानको भित्र प्रयोग पर्दाहरुलाई सुनको अंकुशले बाँधिएका थिए र बाहिर प्रयोग भएका पर्दाहरुलाई काँसाको अंकुशले बाँधिएका थिए ।

*"तैंले दश वटा पर्दा भएको पवित्र वासस्थान बनाउनू। ती पर्दा मसिनो गरी बाटेको सूती कपड़ाका र नीलो, बैजनी र रातो रङ्गको धागोका होऊन् । तिनमा सिपालु शिल्पकारको काम भएका करूबहरूसमेत तैंले बनाउनू ।*
*तब सुनका पचास वटा अङ्कुसे बनाएर पर्दाहरू एक-अर्कोसित ती अङ्कुसेहरूले जोड्नू, र यसरी पवित्र वासस्थान एउटै हुनेछ ।*
*"पवित्र वासस्थानमाथिका पालको निम्ति बाख्राको भुत्लाका पर्दाहरू बनाउनू । तैंले एघार वटा पर्दा बनाउनू ।*
*पाल जोड़ेर एउटै बनाउनलाई तैंले काँसाका पचास वटा अङ्कुसे बनाउनू, र ती अङ्कुसे सुर्काउनीहरूमा लगाउनू । पालका पर्दाहरूका बाँकी रहेको भाग, अर्थात् आधा पर्दाचाहिँ पवित्र वासस्थानको पछिल्तिर झुण्डिरहोस् ।"*
*- प्रस्थान २६:१, ६, ७, ११, १२*

ति जसलाई सुसमाचारद्वारा पवित्र बनाइएका छन् तिनीहरुको चरित्रबाट सबै काँसालाई हटाइएका छन । तिनीहरुका बोलिहरु शुद्ध बोलिहरु हुन् ।

*"ठीकसित बोलिएको वचन चाँदीमा जड़ान गरिएको सुनका स्याउहरूजस्तै हुन्छन् ।*
*सुनको कुण्डल वा निखुर सुनको गहनाझैँ बुद्धिमान् मानिसको हप्की सुन्ने कानको लागि हुन्छ ।"*
*- हितोपदेश २५:११-१२*

पवित्रस्थानको बाहिरी पर्दामा भएको काँसाले हाम्रो शरीरलाई प्रतिनिधित्व गर्दछ । जब ख्रीष्टको दोस्रो आगमनमा हाम्रो विनाशी शरीरले अमरत्व रुप धारण गर्नेछ तब ति काँसाहरु सबैलाई नास गरिनेछ ।

*"हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा । किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन् । अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ ।"*
*- १ कोरिन्थी १५:५१-५३*

स्वर्गीय शहर पूर्ण रुपमा शुद्ध सुनले बनेको थियो जसले त्यहाँ बास गर्नेहरुको चरित्रहरुको प्रतिनिधित्व गर्दछ ।

*"त्यो पर्खाल बिल्लौरले बनेको थियो, र सहरचाहिँ निखुर सुनले बनेको थियो र सफा काँचजस्तै त्यो चम्कन्थ्यो ।"*
*- प्रकाश २१:१८*

> ***"यसकारण धनी हुनलाई आगोले खारेको सुन र आफ्नो नग्नताको शर्म ढाक्नलाई सेतो वस्त्र र तिमीले देख्न सक भनी तिम्रा आँखामा लाउनलाई मलहम, यी सबै मबाट किन्ने म तिमीलाई सल्लाह दिन्छु।"***
> *- प्रकाश ३:१८*

हामीले अगाडीको पाठमा पढ्यौं कि मानिसले काँसालाई बनाएको थियो (उत्पति ४:२२)। काँसाले मानिसको विचारधारालाई परमेश्वरसंग जोडिएको प्रतिनिधित्व गर्छ। पवित्रस्थानद्वारा हामी परमेश्वरको नजिक पुग्न सक्छौं। जब हामी आँगनदेखि महापवित्रस्थानसम्म यात्रा गर्छौं तब हामी काँसालाई नाश गरिएको र सुन र चाँदी छाडिएको देख्छौं। जब हामी हाम्रो इसाई जीवनमा अगाडी बढ्छौं तब हामी आँगनलाई छाडेर अगाडी बढ्छौं किनभने त्यो अन्यजातिहरुको निम्ति राखिएको छ।

> ***"यसपछि नाप्ने टाँगोजस्तै एउटा निगालो मलाई दिइयो, र यसो भनियो, "उठ, र परमेश्वरको मन्दिर र वेदीको नाप लेऊ, र त्यहाँ आराधना गर्नेहरूको गन्ती लेऊ। तर मन्दिरबाहिर रहेका आँगनलाई चाहिँ छोड र ननाप, किनकि त्योचाहिँ जाति-जातिहरूलाई दिइएको छ, र बयालीस महिनासम्म पवित्र सहरलाई तिनीहरूले कुल्चीमिल्ची गर्नेछन्।"***
> ***- प्रकाश ११:१-२***

अन्यजातिहरुको निम्ति आँगनलाई छाडिएको छ। यो त्यो ठाउँ हो जहाँ पापीहरूले काँसालाई प्रदूशित गर्छन जब तिनीहरुले सुसमाचारलाई पहिलो पटक सुन्छन। आँगनमा बलिको वेदीले ख्रीष्टको क्रुसलाई प्रतिनिधित्व गर्छ। काँसाको धातुले क्रुसलाई प्रतिनिधित्व गर्छ। यो एक मानिसले बनाएको थोक हो। यो त्यो कुरा हो जसद्वारा मानिसले आफ्नो न्यायको सिद्वान्तलाई

पुरा गरेको छ । जब हामी क्रुसलाई पाउछौं तब परमेश्वरले हाम्रो पापपूर्ण चरित्रलाई काँसाको हात धुने भाँडामा भएको ऐनामा देखाउनुहुन्छ ।

> ***"तिनले भेट हुने पालको ढोकामा सेवा गर्ने स्त्रीहरूका ऐनाबाट काँसाका धुने भाँड़ा र त्यसका खुट्टा बनाए ।"***
> ***- प्रस्थान ३८:८***

जब व्यवस्थाको प्रकाशमा मानिसले आफैलाई हेर्छ तब हीनताबोधले उनीहरुलाई आफ्नो जीवनको लागि दुखि बनाउँछ । जब ख्रीष्टको आत्मा हामीमा आउनुहुन्छ तब हाम्रो पापले हामीलाई गम्भिर दोषी भएको देखाउँछ ।

> ***"अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ ।"***
> ***- यूहन्ना १६:८***

ति जसले पूर्ण रुपमा विश्वास गर्छन कि तिनीहरुको वर्तमान स्थितिमा परमेश्वरले तिनीहरुलाई माफ गर्न सक्नुहुन्छ तिनीहरुले बलिको वेदीमा भएको थुमा;लाई खडा भएको देख्छन र अनुग्रह तिनीहरुमाथि आउँछ र तिनीहरुले पिडाको भट्टीमा खारिएको सुनरुपी साँचो विश्वासलाई पाउँछन ।

> ***"व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो"***
> ***- रोमी ५:२०***

जब हाम्रो विश्वासको सुन बढ्दै जान्छ तब हाम्रो काँसारुपी पुरानो विचार हटेर जान्छ र हामीमा पापको बोध हुँदैन ।

> ***"नत्रता बलि चढ़ाउने काम रोकिनेथिएन र ? किनकि आराधकहरू एकै खेपमा शुद्ध पारिने भए तिनीहरूमा त्यसपछि पापको चेतना***

*हुनेथिएन।"*
*- हिब्रु १०:२*

तब बलि प्रथा हुदैन न त चट्टानलाई हिर्काईनेछ केवल चट्टानसंग कुरा गरिनेछ।

*"तर ती बलिदानहरूले सालिन्दा पापको सम्झना गराउँछन्। किनकि साँढे र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ। यसकारण संसारमा आउनुहुँदा ख्रीष्टले भन्नुभयो, "बलि र भेटीहरू तपाईंले चाहनुभएन, तर तपाईंले मेरो निम्ति एउटा शरीर तयार पार्नुभएको छ। होमबलि र पापबलिहरूमा तपाईं प्रसन्न हुनुहुन्न। तब मैले भने, 'हेर्नुहोस्, हे परमेश्वर, पुस्तकको मुट्ठोमा मेरो बारेमा लेखिएजस्तै तपाईंकै इच्छा पूरा गर्न म आएको छु'।" पहिले उहाँले भन्नुभयो, "बलि र भेटीहरू, होमबलि र पापबलिहरू तपाईंले चाहनुभएन। तपाईं तिनीहरूमा प्रसन्न हुनुभएन।" (यी त व्यवस्थाबमोजिम चढ़ाइन्छन्।) अनि पछिबाट भन्नुभयो, "हेर्नुहोस्, तपाईंकै इच्छा पूरा गर्न म आएको छु।" दोस्रोलाई स्थापित गर्न पहिलोचाहिँ उहाँले खारेज गर्नुहुन्छ। त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं।"*
*- हिब्रु १०:३-१०*

येशु एकै चोटी सबैको लागि मर्नुभयो भन्ने कुरालाई काँसाको वेदीमा भएको काँसाको सर्पले संकेत गरेको छ। तर जब हामी पवित्र आत्माले भरपुर हुन्छौं तब हामी यो थाहा पाउछौं कि क्रुसले एकदम अलग मोड लिएको छ। क्रुसको कथाले ख्रीष्टले आफुलाई इन्कार गरेर आफुमा प्रकट भएको पिताको चरित्रमा जोड दिएको हामी पाउँछौ। बलिदानको वेदी (चट्टानलाई हिर्काउनु) को स्थान सुगन्धित धुपको वेदी (चट्टानसंग कुरा गर्नु) ले लिएको हामी पाउँछौ। गेतसमनीको बगैंचामा बगेको येशुको रगत र कलवरीमा बगेको येशुको

रगतले हामीलाई यो देखाउँछ कि आफ्नो पिताले दिनुभएको काम येशुले पुरा गर्नुभयो ।

> ***"जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु ।"***
> ***- यूहन्ना १७:४***

हरेक पापीले माथि हेरेर जिउनुपर्छ । संसारलाई दोषी ठहराउन परमेश्वरले आफ्नो पुत्रलाई पठाउनु भएन (यहुन्ना ३:१६, १७) । सुनौलो वेदीको मापचीत्रमा परमेश्वरले आफ्नो पुत्रलाई हाम्रो पापदोष उठाउन पठाउनु भयो ताकी परमेश्वरको क्षमामा हामीले विश्वास गर्न सकौं ।

परमेश्वरले आफ्नो पुत्रलाई यो भन्न पठाउनु भएन, **"मैले तिमिहरुको पापको लागि तिमिहरुलाई यो गर्न सक्थे तर मैले मेरो रिसको झोंकमा आफ्नो पुत्रलाई मार्ने निधो गरें ।"** कुन चाहिँ पिताले आफ्नो सन्तानलाई यस्तो गर्न सक्छ ? बलिको वेदीको नजरबाट क्रुसलाई हेर्नुहोस् र तपाईले एकदम बहुमुल्य तस्विर हेर्न सक्नु हुनेछ जसको कारण तपाईले खुसीको आँसु झार्नुहुनेछ ।

जब तपाई काँसाको आँगनबाट अगाडी बढेर सुन र चाँदीले बनेको पवित्रस्थानमा आइपुग्नु हुन्छ तब तपाईँले परमेश्वरको न्यायको व्यवस्था मानिसको विचारधाराभन्दा फरक भएको पाउनुहुनेछ । हामीलाई यो भनिएको छ:

> ***दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्‍वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ । "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ । जसरी***

*आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन् । जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमिनलाई भिजाएर बाली उमार्छ, र छर्नेलाई बीउ र खानेलाई भोजन दिन्छ, त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ । तिमीहरू आनन्दसाथ जानेछौ, र शान्तिमा डोऱ्याइनेछौ । पर्वतहरू र डाँड़ाहरू तिमीहरूका सामुन्ने गीत गाउनेछन्, र मैदानका सारा रूखहरूले ताली बजाउनेछन् । तब काँढ़ाको सट्टा सल्लो, सिउँड़ीको सट्टा असारे-फूलको रूख उम्रनेछ। त्यो परमप्रभुका ख्यातिको निम्ति हुनेछ । त्यो कहिल्यै नष्ट नहुने सदासर्वदाको चिन्हको निम्ति हुनेछ ।"*
*- यशैया ५५:७-१३*

मेरो यो प्रार्थना छ कि तपाईले ख्रीष्टको क्रुसलाई अझ गहिरो र फराकिलो रुपमा हेरेर बुझ्न सक्नुहुनेछ र पतन भेन्को मानव जाति र स्वर्गदुतहरुको न्यायको सुन्दर चित्र हेर्न सक्नुहुनेछ । परमेश्वरको प्रेमको न्यानो प्रकाशमा आउनुहोस् जहाँ उहाँको प्रेममा तपाईले आफ्नो हरेक डरलाई भगाउने शक्ति पाउनु हुनेछ ।

*अचम्मको अनुग्रहले, बाँच्यो तुच्छ प्राण मेरो,*
*हराएको थिएँ अब पाइएको छु, अन्धो देख्ने भएँ ।*

*अनुग्रहले ईश्वरको भय, अनुग्रहले शान्ति,*
*कस्तो अमूल्य स्वाद अनुग्रहको, जब विशवास गरें ।*

*अनेकौँ ज्योखिम परीक्षा, भएर आइपुगेँ,*
*यहाँसम्म ल्याउने त्यो अनुग्रहले, पुग्नेछु स्वर्ग मै*
*।*

*प्रभुको वाचा भलाईको, यो मेरो भरोसा,*
*उहाँ नै मेरो सूर्य र ढाल, प्राण मेरो रहुन्जेल।*

*हजारौँ वर्ष स्वर्गमा, सूर्यझैँ चम्कन्छौँ,*
*यो अनुग्रहको प्रशंसा गाउँदै, युग युगौँ रहन्छौँ*
*।*

## ९. सेलाह

मेरो प्यारो मुक्तिदाता,

मेरो पापको अन्धकारले मलाई छोपेको बेला तपाई मेरो सामु आउनुभयो । मैले पिताको अनुग्रह र क्षमा बुझ्न सकु र पाउन सकु भनेर तपाईले मलाई दिलाशा दिनुभयो । मेरो निम्ति तपाईले पाउनु भएको पिडाको निम्ति म आँसु झाद्र्छु । आफ्नो पिताको दयाले भरेर आफ्नो हराएको भेडालाई खोज्न तपाईले यस संसारको कालो रातसंग तपाई डराउनु भएन ।

तपाईले गर्नु भएको कुराहरु बुझ्न मेरो हृदय एकदम सुस्त छ । तपाईको प्रेमको गहराई बुझ्न अनन्तकाल पनि प्रयाप्त छैन । तपाईको प्रेम कहिले पनि अन्त नहुने पानीको मुहान हो जसबाट म जति पिउन्छु त्यति नै मेरो प्यास बढ्दै जान्छ र यसको स्वादबाट म कहिले पनि थाक्दीन ।

तपाई जहाँ जानु हुन्छ, त्यहाँ जाने मेरो रहर हो । बहुमुल्य मोल तिरेर तपाईले मलाई किन्नु भएको छ । कहिलेकाहीं म आफैलाई तपाईको प्रेमको लायक सोच्दिन तर तपाईले मलाई छोड्नु भएन र त्याग्नु भएन । आफ्नो आत्मा पठाएर मलाई ढाडस र आशिष दिनुभएकोमा म तपाईलाई धन्यवाद दिन चाहन्छु ।

प्यारो मुक्तिदाता, यो मेरो चाहना हो जजसले यो पुस्तकको सन्देश पढ्नेछन् तिनीहरु पनि मसंग स्वर्गमा होउन् । उनीहरु प्रति तपाईको प्रेमलाई म मेरो हृदयमा महसुस गर्दछु र तिनीहरुको मुक्तिको चाहना म राख्दछु । तपाईको सन्तानप्रति तपाईको प्रेमलाई म महसुस गर्न पाएकोमा तपाईलाई धन्यवाद दिन चाहन्छु र यस संसारले तपाईलाई चिनोस भन्ने योजनामा म सामेल हुन चाहन्छु ।

ममा तपाईको आत्मा खनाउनुहोस् ताकी जसरी तपाईले हाम्रो लागि आफ्नो पितालाई महिमित पार्नुभयो त्यसरी नै म तपाईलाई महिमित पार्न सकूँ। हाम्रो शरीरबाट त तपाई महिमित हुनुहोस् ताकी मानिसहरुको हृदयले प्रायश्चित गर्न सकुन किनभने तपाईले हामीलाई मिलापको कार्यको निम्ति बोलाउनु भएको छ।

जसले यी पुस्तक पढ्छन तिनीहरुले क्रुसको साँचो सुन्दरतालाई देख्न सकुन भनेर उनीहरुको आँखा खोलि दिनुहोस् ताकी हामीबाट क्रुसको डर हटोस् र हरेक घुँडाले टेकेर र हरेक जिब्राले तपाई महिमित पिताको पुत्र र हाम्रो मुक्तिदाता हुनुहुन्छ भनेर स्वीकार गर्नेछ।

प्रभु येशु ख्रीष्टको प्यारो नाममा...

आमेन्।

क्रुसको आवश्यकता किन र कसलाई थियो ?

के हाम्रो मुक्तिको निम्ति क्रुस जरुरी थियो ?

के आफ्नो पुत्रको मृत्युद्वारा परमेश्वरको क्रोध शान्त भयो ?

परमेश्वरको न्यायिक व्यवस्था भनेको के हो र के यो हाम्रो न्यायिक व्यवस्थाभन्दा फरक छ ?

किन येशुले खाँबोमा झुण्डेको काँसाको सर्पसंग आफैलाई तुलना गर्नुभयो ?

इस्राएली पवित्रस्थानले हामीलाई क्रुसको बारेमा के भन्दछ ?

fatheroflove.info